लेखापरीक्षण प्रतिवेदन

छथर जोरपाटी गाउँपालिका, धनकुटा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

छथर जोरपाटी गाउँपालिका, धनकुटा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८३ वैशाख

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/512

श्रीमान् अध्यक्षज्यू,
छथर जोरपाटी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
धनकुटा।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/512

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान् अध्यक्षज्यू ,
छथर जोरपाटी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
धनकुटा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले तहाँ गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारीतर्फको विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको रु.९७ करोड ४२ लाख ६१ हजार लेखापरीक्षण गर्दा रु.२ करोड ३१ लाख ४ हजार (२.३७ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा पालिकाले प्रतिक्रियाबाट रू.९८ लाख ९४ हजार बेरुजु सम्परीक्षण गरेको र प्रतिकृयाबाट बेरुजु रू. ११ लाख ८८ हजार थप समेत गरी कुल बाँकी बेरुजु रू.१ करोड ४३ लाख ९७ हजार कायम भएको छ। जसमध्ये असुल गर्नुपर्ने रु.३ लाख ३७ हजार, नियमित गर्नुपर्ने रु. १ करोड १८ लाख ८१ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु. २१ लाख ७९ हजार रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.१८ करोड १६ लाख ५२ हजार मध्ये रू. ७४ लाख ४३ हजार सम्परीक्षण भई यसबर्षको थपसमेत हालसम्मको अद्यावधिक बेरुजु रु.१८ करोड ८५ लाख ७६ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३.अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७७	५५	२,३१,०४,३५१	१	३०	९८,९३,८७३	११,८६,८९७	७६	२५	१,४३,९७,३७५	३,३६,७८१	१,१८,८१,४६८	२१,७९,१२६	०	०	१,४०,६०,५९४	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
धनकुटा	१८,१६,५२,०८३	०	७४,४३,१४०	१७,४१,७८,९४६	0	१,४३,९७,३७५	१८,८५,७६,३२१

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	४४.3	स्वास्थ्य तर्फ	०
२	२०८१/८२	५३.४	सामाजिक सुरक्षा तर्फ	५६,६६७
३	२०८१/८२	५१.२	साना सिंचाई आयोजना	४,२५,५२७
४	२०८१/८२	४६.६ र ४६.7	शिक्षा तर्फ	३,१७,०३९
५	२०८१/८२	५	फरक जिम्मेवारी	१,४१,६१२
६	२०८१/८२	५०.१	पुँजीगत खर्च तर्फ	८१,०६,६४८
७	२०८१/८२	४१.१ र ४१.६	पालिका चालु	७,२१,३२०
८	२०८१/८२	४८.३	त्रिसुले हात्तिखर्क सडक कालोपत्रे (पहिलो फेज)	१,०९,१७८

९	२०८१/८२	५१.१	त्रिसुले हात्तिखर्क सडक कालोपत्रे(दोस्रो फेज)	१५,८८२
१०	२०८०/८१	७९	स्यानिटरी प्याड-	३,०३,९९४
११	२०८०/८१	९०	सामाजिक सुरक्षा भत्ता वितरण	२०,९२९
१२	२०८०/८१	३३	भ्रमण भत्ता :-	३,२००
१३	२०८०/८१	३१	बढी बैठक भत्ता -	८५०
१४	२०८०/८१	७५	पढ्दै कमाउँदै कार्यक्रम-	५,००,०००
१५	२०८०/८१	३७	जिन्सी निरीक्षण भत्ता :-	८५०
१६	२०८०/८१	४८	खर्चको पुष्ट्याईं:-	७,७१,८८२
१७	२०८०/८१	३०	अनुगमन भत्ता भुक्तानी :-	१०,२००
१८	२०७९/८०	१३१	सहभागिता भत्ता	१८,०००
१९	२०७९/८०	४७	राजश्व दाखिला	४२,११४
२०	२०७९/८०	१३३	प्रश्नपत्र निर्माणकर्तालाई बढी भुक्तानीः	१४,२८०
२१	२०७९/८०	१३९	प्रशिक्षक खर्चः	१९,३८०
२२	२०७९/८०	४२	पेश्की बाकीः	२,५०,०००
२३	२०७९/८०	६०.२	चुलाचुली काजीमाने तेलिया सडक:	२१,२६,२२२
२४	२०७८/७९	६९.३	स्यानिटरी प्याड खरिदः	८,९६,४९४
२५	२०७८/७९	८४	शिक्षक तलबः	१५,०९४
२६	२०७८/७९	३८	बैठक भत्ताः	१,०४,५५०
२७	२०७८/७९	९०	बढी भुक्तानीः	२,९२,९४१
२८	२०७८/७९	४१	फिल्ड भत्ताः	५४,०००
२९	२०७८/७९	६४	प्राविधिक मूल्यांकनः	१०,९५,८२१
३०	२०७८/७९	७८	प्राविधिक भत्ताः	१२,०००
३१	२०७८/७९	१५१	प्रमाण बेगर भुक्तानीः	९९,५७७
३२	२०७८/७९	७५	प्रमाण बेगर तलब भुक्तानीः	५९,५५६
३३	२०७८/७९	५२	पेश्की बाँकीः	६,४४,५५०
३४	२०७८/७९	४०	पारिश्रमिक करः	६,९४९
३५	२०७८/७९	३७	आयकर कट्टी	२१,५०७

३६	२०७८/७९	८१	अभिमुखिकरण तलिमः	१०,२००
३७	२०७७/७८	३१	दोहोरो सुविधा	४८,०००
जम्मा				१,७३,३७,०१२

छथर जोरपाटी गाउँपालिका, धनकुटा

(८०१०६५०३३००)

छथर जोरपाटी गाउँपालिका , धनकुटा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । कोशी प्रदेशमा अवस्थित यस पालिकामा ६ वडार ३४ सभा सदस्य रहेका छन्। पालिकाको क्षेत्रफल १०२.८२ वर्ग किलोमिटर तथा४१४८ घरधुरी, ८१ प्रतिशत साक्षरता दर र १६४५६ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।७।१६ देखि २०८२।७।२० सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति :- आय तर्फ रू. ४९०२०१५३४.६५ व्ययतर्फ रू. ४८४०५९८६६.१० गरी जम्मा रू. ९७,४२,६१,४००.७५ को लेखापरीक्षण गरिएको छ। सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न

छ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा रु. १,४४,१७१ असुल भइ दाखिला प्रमाण पेश भएको छ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकिकृत आर्थिक बिबरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिम आय र व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने, दफा ७६(२) मा महालेखा परीक्षकवाट स्वीकृत भए वमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृती वार्षीक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		५४२४६७८१.२५	१	चालु खर्च		२६०८२४२७६.४५
	ग.४.१ स्थानीय तह संचित कोष खाता	३९२७७६०१.१२		२	पूँजीगत खर्च		१११११९९४००
	ग.३.१ धरौटी खाता	१०७७२१३६		३	विभिन्न कोषतर्फको खर्च		१४३९४२४५.०५
	ग.२.३ विविध खर्च खाता	३३९११५२.१३			ग.२.१ विविध खर्च खाता	१०३५४२०९.०५	
	ग.७.२ प्रकोप व्यावस्थापन कोष	८०५८९२			ग.७.२ प्रकोप व्यावस्थापन कोष	२४८६५५३	
२	आन्तरिक आय		७६८१४६२.३		ग.३.१ धरौटी खाता	१५५३४८३	
३	राजस्व बाँडफाँड		७३३९४१६३.२५	४	अनुदान फिर्ता		२०४९७२९९.५
	क) संघीय राजस्व बाँडफाँड	५९९७८२२३.३८			क) संघीय सरकार तर्फ फिर्ता	१६८३४७३२.५	
	ख) प्रदेश राजस्व बाँडफाँड	३४१५९३९.८७			ख) प्रदेश सरकार तर्फ फिर्ता	३६६२५६७	
४	वित्तिय हस्तान्तरण संघ		२८९१८७१६८	५	मौज्दात		६०३८८४४९.८
	क) वित्तीय समानीकरण अनुदान	८७२७१२८०			ग.२.१ विविध खर्च खाता	२८२५२०९.०८	
	ख) सशर्त अनुदान	२०४४०७०००			ग.७.२ प्रकोप व्यावस्थापन कोष	१९३३९	
	ग) समपुरक अनुदान	६५०८८८८			ग.३.१ धरौटी खाता	१३१९८१५६	
५	प्रदेश सरकारबाट प्राप्त अनुदान		२७२५३०००		ग.४.१ स्थानीय तह संचित कोष खाता	४४२२४५३८.७२	
	क) वित्तिय समानीकरण अनुदान	५११२०००			चालु खर्च खाता	१२१२०७	
	ख) सशर्त अनुदान	१२१४१०००		६	अन्तर स्थानीय तहबाट प्राप्त खर्च		७७१४४६४५.९
	ग) समपुरक	१००००००००			क) सामाजिक सुरक्षा	७३९४४६६०.९	
६	अन्तर सरकारबाट		७७१४४६४५.०८		ख) स्वास्थ्य क्षेत्र	३१९९९८५	

	प्राप्त				सुधार कार्यक्रमा			
	क) सामाजिक सुरक्षा	७३९४४६६०.०८						
	ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३१९९९८५						
७	विभिन्न कोषतर्फको आय		१५४६६८३२					
	ग.२.१ विविध खर्च खाता	९७८८३२९						
	ग.७.२ प्रकोप व्यावस्थापन कोष	१७०००००						
	ग.३.१ धरौटी खाता	३९७८५०३						
८	कम आम्दानी बाँधेको		७४२६३.९८					
	जम्मा		५४४४४८३१५.9				५४४४४८३१५.9	
	उल्लेखित एकिकृत आर्थिक बिबरण अनुसार आम्दानी तर्फ रु. ७४२६३.९८ कम आम्दानी वाँधेको तर्फ एकिन गरि हिसाव मिलान हुनुपर्दछ।							

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **दुई लेखाप्रणाली**

एउटा कार्यालयमा एक लेखा प्रणाली हुनुपर्दछ । सार्वजनिक निकायमा एक भन्दा बढी लेखा प्रणाली भएमा आय व्ययलाई एकीकृत गर्न, विश्लेषण गर्ने र प्रतिवेदन गर्ने ती लेखा प्रणालीका बीच अन्तरसम्बन्ध कायम गरिनुपर्दछ । स्थानीय तहमा दुई लेखा प्रणाली SUTRA (Sub-National Treasury Regulatory Application) र CGAS(Computerized Government Accounting System) बाट लेखा राख्ने गरिएको छ । तर ती दुबै प्रणालीका बीच एकै कार्यक्रमका खर्चलाई एकीकृत गर्ने र प्रतिवेदन दिने व्यवस्था रहेको छैन। पालिकामा संघ, प्रदेश र स्थानीय बजेटमध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS प्रणालीमा र स्थानीय श्रोतलाई SUTRA प्रणालीमा प्रविष्टि गर्दा एकै कार्यक्रम/योजनाको हकमा दुवै प्रणालीमा बजेट खर्च अलग अलग अभिलेखन हुने र उल्लिखित दुई प्रणालीबीच अन्तरसम्बन्ध कार्यान्वयन हुने नहुँदा त्यस्ता आयोजनाको कुल खर्चसमेत यकिन गर्न नसकिने स्थिति छ । अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS मा मात्र अभिलेख गरिने हुँदा SUTRA प्रणालीबाट प्रतिवेदन गरिने वार्षिक वित्तीय प्रतिवेदन म.ले.प. फाराम २७० मा समावेश हुन नसक्ने देखियो। सोका कारण वर्षभरि भएको कारोवारको वास्तविक प्रतिवेदन समेत प्राप्त नहुने र एकै कार्यक्रममा दुई प्रणालीबाट खर्च लेख्दा सो खर्च दोहोरो हुन नदिन लेखाप्रणालीले नियन्त्रण गर्न सक्ने अवस्था देखिएन । एक निकायमा एक लेखाप्रणाली लागू गर्नुपर्ने र दुई लेखाप्रणाली लागू गर्न आवश्यक भए ती प्रणालीका बीच अभिलेख एकीकृत हुने व्यवस्था लागू गर्ने व्यवस्था गर्न सम्बन्धित निकायको ध्यान जानुपर्दछ।

४ **वित्तीय विवरणको यथार्थता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०) प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ । तर पालिकाले देहाय बमोजिम सामाजिक सुरक्षा तथा संरक्षण, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम एवं अन्तरसरकारी अख्तियारी मार्फत् खर्च भएका कारोवार सुत्रमा लेखाङ्कन नगरेकोले प्रस्तुत वित्तीय विवरणले पालिकाको समग्र कारोवारको सही र यथार्थ चित्रण गरेको छैन।

सि.न.	शिर्षक	बजेट	खर्च
१	क) सामाजिक सुरक्षा	७३९४४६६०.०८	७३९४४६६०.०८
२	ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३१९९९८५	३१९९९८५
	जम्मा	७७१४४६४५.०८	७७१४४६४५.०८

५ **फरक जिम्मेवारी**

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१४१,६१२.०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८१।३।१० मा रु. ४७ करोड ३१ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।२५ मा पारित भएको छ। यसै गरी स्थानीय तहका प्रमुखले मिति २०८१।३।३१। मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरि सक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

७ **आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन।आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्वेश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नुपर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकेको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन प्रभावकारी हुन नसकेको अवस्था समेत देखिएको छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका केही व्यहोरा देहायबमोजिम रहेका छन्:

वजेट व्यवस्थापन तर्फ

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति विवरण तयार नगरेको,

• दिगो बिकास लक्ष्य (२०१६-३०)लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दिर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरू तोकि मूल्याङ्कन नगरेको,

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्च संरचना तयार गरेको नदेखिएको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची -११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको नदेखिएको,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको नदेखिएको,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको नदेखिएको,

• शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको नदेखिएको,

खरिद व्यवस्थापनतर्फ

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सोको मूल्याङ्कन नगरेको,

• पालिकाले पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख नराखेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरीएतापनि त्यसको कार्यान्वयन र उपयोग पृष्ठपोषणका लागि भएको नदेखिएको,

• स्थानीय तहले उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको नदेखिएको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख अवस्था अद्यावधिक गरेको नदेखिएको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिट्टी, माटोलगायत र वनजन्य विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,

• पालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरेका आयोजनाहरुको कार्यान्वयन अवस्था खुल्ने गरी एकीकृत रुपमा नापी किताब तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)को अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नुपर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लेखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) अनुसार उपभोक्ता समितिवाट कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको रेखदेख र मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी दिगोपना र संरक्षणका आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा सो नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरीएतापनि अनुगमन प्रतिवेदन पुर्ण रुपमा तयार नगरेको र अनुगमनको क्रममा प्रतिवेदन फारम प्रत्येक योजनामा कस्ता कैफियत देखिए र सोको सुधारका लागि के कस्ता प्रयास भए पुष्ट्याई हुने अवस्था उल्लेख नगरेको,

शिक्षातर्फ

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन पूर्ण रूपमा नभएको,

• संस्थागत विद्यालयहरूको लेखापरीक्षणको अबस्था र अभिलेख व्यवस्थित गरेको नदेखिएको,

विविधतर्फ

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । साथै, दैनिक भ्रमण भत्ता अभिलेख खाता अद्यावधिक नरहेको तथा अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दिने गरीएबाट के कति कार्यक्रम र भुक्तानी दोहोरो पर्न गएको छ सो को यकिन गर्न सक्ने अवस्था नरहेको,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन बमोजिम नागरीक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन संयन्त्र तयार नगरेको तथा गुनासो व्यबस्थापन गरेको अद्याबधिक अभिलेख नराखेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको,

• यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फर्स्यौट तथा सम्परीक्षण कार्य नगरेको

• पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• बेरुजु लगतका लागि तयार गरीएको म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको,

• सबै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

• आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि आवश्यक कागजपत्रसहित म.ले.प. फाराम नं 202 को ढाँचामा सम्बन्धित शाखाबाट भुक्तानी कारोवारको सिफारिस पत्र लिएर भुक्तानी दिनुपर्नेमा सबै भुक्तानी सो वेहोरा पालना गरेको पाइएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्नेमा भुक्तानीका सबै भौचरमा सो वेहोरा पालना गरेको पाइएन,

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्यस्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

९ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

१० **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ (१) मा ७ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसीता दाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

११ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ११,११,९९,४०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरु योजना नबनाई खरिद कार्य गरेको देखियो।अतःपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

१२ **नीति तथा कार्यक्रम कार्यान्वयन**

छथर जोरपाटी गाउँपालिकामा हरेक आर्थिक वर्षमा नगर प्रमुखबाट नीति तथा कार्यक्रम र उप प्रमुखबाट बजेट प्रस्तुत हुने तथा गरेको छ । पालिकामा उपलब्ध जनशक्ति र पदाधिकारीसँग छलफल हुँदा आर्थिक वर्ष २०८१।८२ मा घोषित नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्था निम्नानुसार रहेको छ।

क्र स	कार्यक्रम वा विषय	कार्यान्वयन अवस्था	थप सान्दर्भिक व्यहोरा
१	६ नं. वडा कार्यालय भवन निर्माण	नभएको	अनुमानित वजेट प्राप्त नभएकोले
२	३ नं. वडा कार्यालय भवन निर्माण	नभएको	अनुमानित वजेट प्राप्त नभएकोले
३	चुलाचुली काजीमाने सडक निर्माण बहुवर्षीय	नभएको	ठेक्का लागेर काम नभएको/उल्लेख्य प्रगती नभएको
४	फोहर मैला व्यवस्थापन	नभएको	अन्यत्रबाट व्यवस्थापन भएकोले
५	साहारा युवाक्लब खेल मैदान स्तरोन्नती तथा भवन निर्माण	नभएको	विनियोजित बजेटबाट तोकीएको कार्यसम्पन्न गर्न नसकिने भएकोले

पालिकाले कार्यान्वियन गर्ने गरी नीति अवलम्बन गरेका तथा कार्यान्वियनमा लगेका योजना तथा कार्यक्रमलाई नेपाल सरकारका अन्य निकायसँग दोहोरो नपर्ने गरी व्यवस्थित गर्नुका साथै उपलब्ध श्रोत र क्षमताको विश्लेषणका आधारमा नीति तथा कार्यक्रम तर्जुमा गर्ने र घोषित नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि श्रोत व्यवस्थापन सहित प्रभावकारी कार्यान्वयन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१३ **एकमुष्ट बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा एकमुष्ट बजेट नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष रु. १५,५०,००० एकमुष्ट बजेट व्यवस्था गरी गा.पा. कार्यक्रम खर्च रु. १४,३७,४०५ खर्च गरेको छ । एकमुष्ट बजेट राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

१४ **क्षेत्रगत बजेट र खर्चको स्थित**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	५९२९११००	४५२८४८६८	१०.५४
२	पूर्वाधार विकास	११२३१८२००	५७५६५४००	१३.४
३	सामाजिक विकास	२०९९७३०००	१९३०७६१९३.५	४४.९४
४	वातावरण तथा विपद् व्यबस्थापन	११२३१८२००	५७५६५४००	१३.४
५	कार्यसञ्चालन तथा प्रशासनिक खर्च	७७५२६१२९	६५२७६२११.९५	१५.२
६	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१४७१०५००	१०८२१००३.	२.५२
जम्मा		५८६१३७१२९	४२९५८९०७६	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र सबै भन्दा घटी २.५२ प्रतिशत र सामाजिक विकास खर्चमा सबै भन्दा बढी ४४.९४ प्रतिशत रहेको छ। बजेटलाई सन्तुलित रुपमा विनीयोजन गरी विनियोजन अनुसार खर्च गर्नु पर्दछ।

१५ **खर्च बिश्लेषण**

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. ७६,८१,४६२.३०, राजस्व बाँडफाँड र अनुदानबाट रु. ५३,४७,०२,५८९.२४ समेत रु. ५४,२३,८४,०५१.५४ आम्दानी भएकोमा चालु तर्फ रु. २६,०८,२४,२७६.४५ र पूँजिगत तर्फ रु. ११,११,९९,४०० समेत रु. ४४,६६,७८,३२१.५३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.७२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा

रु. ५१,२९,९०० खर्च भएको छ जुन आन्तरिक आयको ६५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७०.११ प्रतिशत चालु र २९.८९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१६ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

क्र.स.	बजेट शिर्षक उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				
			प्रथम	दोस्रो	तेस्रो	चौथो	आषाढ महिना
१	पूँजिगत खर्च	१११११९९४००	५ ७५ ५९४	३५ १४ २११	२ ८१ २८ २१०	७ ८९ ८१ ३८५	४ ८८ २६ ९७१
	खर्च प्रतिशत	१००	०.५२	३.१६	२५.३	७१.०२	४३.९१

उल्लिखित विवरण अनुसार वार्षिक रु.११,११,९९,४०० खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ५७५५९४ (०.५२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ३५,१४,२११ (३.१६ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. २,८१,२८,२१० (२५.३० प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै चौथो त्रैमासिकमा रु. ७,८९,८१,३८५ (७१.०२ प्रतिशत) र आषाढमा महिनामा रु. ४,८८,२६,९७१ (४३.९१प्रतिशत) मात्र खर्च देखिनुले चौथो त्रैमासिक र आषाढ महिनामा खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१७ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत बार्षिक बजेटको अधिमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यबस्था रहेको छ । साथै पालिकाको विनियोजन ऐन, २०८० को दफा ३ (२) मा समेत रकमान्तर सम्बन्धि व्यवस्था गरिएको छ । पालिकाले यस बर्ष थपघट समेत हिउँदे सभाको निर्णयबाट पूँजिगत र चालु शीर्षकमा गरी जम्मा रू. ३,५३,३५,९९४ रकमान्तर गरेको छ। उक्त रकम शुरु बजेट रु. ४७,३८,१८,९२९ को तुलनामा ७.४६ प्रतिशत हुन्छ । यसरी बजेट रकमान्तर गरी खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ।

१८ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल १६४ योजनामा वजेट विनियोजन गरेको छ।

कार्यक्रमको नाम	योजना संख्या	रू. २० लाख माथिका योजना संख्या	रू. ५ लाख देखि २० लाख सम्मका योजना संख्या	रू. ५ लाख भन्दा कमका योजना संख्या
बिभिन्न	१५४	१२	११	१३१

उल्लिखित तालिका अनुसार कुल १५४ योजनामध्ये १३१ अर्थात ८५ प्रतिशत योजना रु. ५ लाख मुनिका रहेकाो पाइयो । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावीनहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित १६४ योजना मध्ये १५४ योजनामात्र कार्यान्वियन भई १० योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ योजनाको वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

१९ **भुक्तानी दायित्व**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुबर्षीय खरिद र बिशेष परिस्थितिबाट सृजित दायित्व मध्ये आगामी बर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ ।साथै नियमावली, २०७७ को नियम ३९ को उपनियम २ मा कार्यालयले चालु आर्थिक बर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु हुदैन भनी उल्लेख गरेको छ । पालिकाले गतबर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित नगरी तथा यस बर्षको बजेटमा समावेश गरि गत बर्षको रु. ५४,९०,५६६ भूक्तानी गरेको पाईयो। उक्त भूक्तानी मध्ये गत बर्षको योजनामा रु. ३२,८८,४३९ भूक्तानी भएको छ भने रु. २२,०२,१२७ चालु प्रकृतिको बैठक भत्ता, मसलन्दका सामान, लगाएतका चालु प्रकृतिका खर्च भएको भूक्तानी नियमसम्मत देखिएन।

अनियमित भएको	२२,०२,१२७

२० **पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु. ५१,२९,९०० सुविधा वापत भुक्तानी भएको छ। उक्त खर्च पालिकाको आन्तरिक आय रु. ७६,८१,४६२.३० को ६६.७८ प्रतिशत रहेको छ।

२१ **तलबी प्रतिवेदन**

प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६ को उपदफा ४ अनुसार प्रदेश कितावखाना गठन नहुँदा सम्म प्रचलित कानून बमोजिमको निकायबाट तलवी प्रतिवेदन पारित गर्ने उल्लेख छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारको पत्र संख्या ०७६।७७ च.नं.१८० मिति २०७६।५।१८ को पत्रानुसार स्थानीय तहका र संघबाट काजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित प्रदेश लेखा इकाई कार्यालयबाट पारित गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १९ कर्मचारीको रू. १,३२,४५,०७३.५० र पालिकाका २२ कर्मचारीको रु. १,६४,७९,०१५.७० समेत रु. २,९७,२४,०८९.२ खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

२२ **कर्मचारी फिल्ड भत्ता**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले ८ जना कर्मचारीलाई वर्ष भरी रु. ३,९२,४३१ फिल्ड भत्तामा खर्च गरेको कारण आर्थिक व्ययभार बढ्ने भएकोले त्यस्ता भत्ता वितरणमा मितव्ययिता पुर्‍याउनु पर्दछ।

२३ **नाफा मूलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित

संस्थालाई अनुदानउपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष सगरमाथा दुग्ध चिस्यान तथा वितरण सहकारी सस्था लिमिटेडलाई औजार उपकरण खरिद वापत रु. २,९४,५७१ उक्त सस्थालाई अनुदान सहयोग गरेको पाईयो । अनुदान दिने संस्थाको छनौटको आधार स्पष्ट छैन तथा अनुदान प्राप्ति पश्च्यात उक्त निकायले त्यस क्षेत्रका जनताले पाउने राहत तथा सुविधा समेत स्पष्ट नभएको र अनुदान प्राप्त गर्ने संस्थाको नाम सहितको विवरण वेवसाइटमा सार्वजनिक समेत गरेको छैन । अतः नाफामुलक संस्थालाई यस प्रकारको अनुदान दिएको रकम नियमसम्मत देखिएन।

अनियमित भएको	२,९४,५७१

२४ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र ५६ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

२५ **न्यायिक समितिको कार्य सम्पादन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गत वर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो वर्ष १४ मुद्दा तथा विवाद दर्ता भएकोमा ६ वटा मात्र फर्स्यौट भई १३ बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

२६ **कानुन निर्माण तथा कार्यान्वयन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट हालसम्म जम्मा ७८ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस वर्ष १ वटा ऐन पास गरेकोछ।

२७ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

२८ **करार सेवाका कर्मचारी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा चिठ्ठीपत्र ओसारपसार, सरसफाई, टेलिफोन, विद्युत र धाराको सञ्चालन तथा रेखदेख,पशुस्वास्थ्य तथा कृषि प्रसार कार्य, बगैचाको सम्भार र रेखदेख टाइपिङ वा क्प्युटरटाईप जस्ता सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनुपर्नेमा सार्वजनिक निकायको व्यक्ति फर्म संस्था वा कम्पनिसँग करार गरी सेवा लिन सक्ने र त्यस्तो सेवा करारमा लिँदा त्यस्तो सेवाको आवश्यकता किसिम समयावधि गुणस्तर सेवा सञ्चालन विधि लाग्ने मोटामोटी खर्च र कार्यक्षेत्रगत शर्त तयार गरी सार्वजनिक निकायको प्रमुखबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । सेवा प्रदायकले गरेको सेवाको अनुगमन गर्नुपर्ने व्यवस्था समेत छ । तर पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गरेको देखिएन । त्यस्तै पालिकाले कार्य परिमाण तथा कार्य बोझ समेतको आधारमा आफैले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा आवश्यक दरवन्दी कायम गरी पालिकाले यो

वर्ष करार सेवा शुल्कमा आन्तरिक श्रोतबाट रु. ३४,२४,२९१ र राजस्व बाँडफाँडबाट रु. ५८,३८,५५५ गरि जम्मा रु. ९२,६२,५५५ खर्च गरेको देखिको पाईयो । करार नियुक्ती गर्ने तथा भैरहेकालाई म्याद थप्दै जाने प्रवृतिले पालिका कोषमा व्ययभार बढ्दै जाने देखिन्छ । पालिकाबाट प्राप्त विवरण अनुसार दरबन्दी भन्दा बाहेकका ३ जना सहायक कम्प्युटर अपरेटर कर्मचारीको रु. ११,७४,२९० खर्च भएको पाईयो। उल्लिखित कानून विपरीत कर्मचारी नियुक्ती गरी खर्च गरेको रकम नियमसम्मत देखिएन।

अनियमित भएको	११,७४,२९०

२९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा ८ योजना सञ्चालन गरी यस वर्ष ६९ जनालाई औसत १०० दिन रोजगारी उपलव्ध गराई रु. ४५,२२,३६० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

३० **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानून बमोजिम आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

३१ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान तोकिएको समय भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छन्

• गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन ।

• पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• पालिकाले उपलब्ध गराएको बिबरण अनुसार खप्ने बिभिन्न ९३ प्रकारका जिन्सी सामानहरु मध्ये ९० प्रकारका सामानहरु PAMS V2 मा Migration गरेको पाइएन। त्यस्ता सामानहरु PAMS V2 मा Migration गर्नुपर्दछ।

• जिन्सी शाखा प्रमुखले जिन्सी सामानहरु के कति र कस्तो अवस्थामा छन सो को विवरण अध्यावधिक गरेको छैन । जसबाट वडा कार्यालय स्वास्थ्य चौकी आ. स्वा. के., सामुदायिक स्वास्थ्य इकाई लगाएत मातहतका कार्यालयहरुमा के कति जिन्सी सामाग्रीहरु कस्तो अवस्थामा छन भन्ने विवरणको साहायक्र जिन्सी खाता तयार गरि अध्यावधिक गरेको छैन । जसले गर्दा जिन्सी व्यवस्थापन कमजोर रहेको पाइयो । यस सम्बन्धमा प्रचलित कानुन तथा प्रकृया वमोजिम जिन्सी व्यवस्थापनलाई प्रभावकारी वनाउनु पर्दछ।

• पालिकाले यस बर्ष जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको छैन जसले गर्दा कति जिन्सी सामानहरु लिलाल तथा मर्मत गर्नु पर्ने हुन एकिन गर्न सकिएन।

३२ **बेरुजू अभिलेख**

पालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्राप्त बेरुजू प्रतिवेदनको अभिलेख देहायको मलेप फाराममा राख्नु पर्ने व्यवस्था छ ।सो बमोजिम राखेको नपाइएकोले आगामी दिनमा तोकिएको मलेप फारममा बेरुजू अभिलेख राखि अध्यावधिक गर्नु पर्दछ।

• म.ले.प. फाराम नं. ८०१ बेरुजु लगत

• म.ले.प. फाराम नं. ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन

म.ले.प. फाराम नं. ८०५ सम्परीक्षण गोश्वारा अभिलेख।

३३ **जिन्सीको मूल्य निर्धारण**

आर्थिक कार्यविधि तथा उत्तरदायीत्व नियमावली २०७७ को नियम १०० अनुसार जिन्सी मालसामानको परीमाण र मूल्य खुलाई जिन्सी मालसामानको स्रेस्ता महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । खर्च भएर जाने र खर्च भएर नजाने छुट्टाछुट्टै मालसामानको प्रकृति अनुसार दाखिला गर्नुपर्छ ।कानुन अनुसार मूल्य निर्धारण समिति गठन गरेर मूल्य निर्धारण गर्नुपर्नेमा पूर्ण रुपमा रु.१ मूल्य निर्धारण गरी इन्ट्री गरेको देखिन्छ । जिन्सी किताबमा मूल्य रु.१ राखी इन्ट्री गरेका सम्पूर्ण मालसामानको वास्तविक मूल्य निर्धारण गरी खर्च भएर नजाने जिन्सी खातामा अद्यावधिक गर्नु पर्ने भनि गत विगतको लेखापरीक्षणमा समेत औंल्याएकोमा उक्त व्यहोरामा सुधार भएको पाईएन।

३४ **सेवा प्रवाह**

कार्यालयको मूख्य उदेश्य हासिल गर्न सेवाग्रहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाले यस बर्ष आर्थिक, सामाजिक र पुर्वाधार विकासका अतिरिक्त नियमित सेवातर्फ निम्न सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरी र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

विवरण	सिफारिस संख्या(सेवा प्राप्त)
स्वीकृत घरनक्सा दर्ता पास	नभएको
पञ्जिकरणतर्फ	
जन्म, मृत्यु र दर्ता	७९९
नागरिकता सिफारिश	५९९
घर बाटो सिफारिश	५९९
नाता प्रमाणीत	१८९
अन्य	२७३६
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	२.७७४ कि.मि.
ग्राभेल सडक निर्माण	९.१२७ कि.मि.

३५ **सवारी साधन मर्मत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत सम्भारको लागत अनुमान तयार गर्न त्यस्तो निकायमा त्यस सम्बन्धी विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गराउनुपर्ने तथा नियम ९६ मा मालसामान मर्मत गर्न नयां सामान खरिद गरेकोमा

पुराना पाटपुर्जा उपकरणको प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन मर्मत शीर्षकमा रू. २१ लाख ३४ हजार खर्च गरेको छ। पालिकाले उपलब्ध गराएको सवारी साधनको बिबरण अनुसार जीप-१, मोटर साइकल-२२, स्कुटर-१ रहेको उल्लेख छ । सवारी साधन मर्मत गर्दा सम्बन्धित प्राविधिकबाट मर्मतको लागत अनुमान नबनाई अधिकांश सवारी साधनको मर्मत गर्ने गरेको पाइयो । यसरी मर्मत कार्य गर्दा वास्तविक मर्मत कार्य गर्नुपर्ने यकिन नहुने हुँदा सवारी साधन मर्मत गर्दा नियमको पालना गरी सम्बन्धित प्राविधिकबाट लागत अनुमान तयार गरी मितव्ययी तरिकाले गर्नुपर्दछ।

३६ **इन्धन खर्च**

सार्वजनकि खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष इन्धन कार्यालय प्रयोजनको लागि मा रू. २९,७३,५२९ खर्च गरेको छ । पालिकाले उपलब्ध गराएको सवारी साधनको बिबरण अनुसार जीप-१, मोटर साइकल-२२, स्कुटर-१ रहेको उल्लेख छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राखि इन्धन खर्चमा नियन्त्रण गर्नुपर्दछ।

३७ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) मा गाउँपालिका तथा नगरपालिले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने र उपदफा २ मा ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने व्यवस्था छ । साथै कोशी प्रदेशको सार्वजनिक खर्चको मितव्ययीता निर्देशिका २०७९ को बुँदा नं. १५(८) अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति बिना कुनै आर्थिक सहायता, राहत, क्षतिपूर्ति वा अनुदान वितरण गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी राजस्व बाँडफाँड शिर्षकबाट रु. ४,५०,००० र आन्तरिक श्रोतबाट रु. ९२,००० समेत विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. ५,४२,००० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ७६,८१,४६२.३० को ७.०६ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण तथा पाउनेको नाम सहितको विवरण वेवसाइटमा सार्वजनिक समेत गर्नुपर्दछ।

३८ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मात्र विविध खर्च गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड,२०७८ को दफा १२ अनुसार विदेशी अतिथी तथा पाहुनाहरुको लागि बाहेक सरकारी खर्चबाट भोज भतेर गर्न नपाइने उल्लेख छ । पालिकाले कुनै उपस्थिति तथा आधार प्रमाण बेगर सभा सञ्चालन तथा विभिन्न समयमा भएको बैठक र अतिथि सत्कारमा सादा तथा मासु खाना, चिया, नास्ता, जुस, पानी आदीको भुक्तानीका लागि रु. २७,६३,९०१ खर्च गरेको देखियो । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

३९ **आयोगको परामर्श**

प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन जारी भएको छ । उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । आयोगको परामर्श बेगर २ अ.न.मी. कर्मचारीलाई पाँचौबाट छैठौमा स्तरवृद्धि गरीएकोमा आयोगको परामर्श लिएको पाईएन।

४० **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी, निर्माण व्यबसायी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म देहाय बमोजिम फस्र्यौट नभई रु. ३२,१९,०८१ बाँकी रहेको देखिन्छ।

सि. नं .	पेश्की लिएको मिति	पेश्कीको विवरण	पेश्की लिनेको नाम	म्याद ननाघेको	म्याद नाघेको अल्याबाट ल्याएको
१	गत बिगत बर्षको अ ल्या	चुलाचुलि काजिमाने तेलिया त्रिवेणी पिच सडक निर्माण	जिम्बा चेम्जोङ जे. भि . पाँचथर	५६०६२०	०
४	गत बिगत बर्षको अ ल्या	हलहले पटेक पर्यटकीय क्षेत्र निर्माण	दिल निर्माण सेवा भोजपुर	११४८६४७	
५	गत बिगत बर्षको अ ल्या	अन्य सार्वजनिक निर्माण	नेपाल विद्युत प्राधिकरण धनकुटा	०	
			कुल जम्मा	१७०९२६७	१०९८१४

उल्लिखित पेश्की मध्ये म्याद ननाघेको पेश्की रू. १,०९,८१४ र म्याद नाघेको तर अ.ल्या.बाट आएको रू. १७,०९,२६७ म्याद नाघेको पेश्की फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्दछ।

४१ **पालिका चालु**

पालिका चालु तर्फ देखिएका वेहोराहरु देहायबमोजिम छन्

४१.१ **कार्यक्रमसँग असम्बन्धित खर्च**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२९,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४१.२ **परामर्श खर्च** - बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र डि.पी.आर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस्तो अध्ययन कार्य गराउँदा स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डि.पी.आर. तथा अध्ययन प्रतिबेदन तयार गर्दा कार्यालयको प्राविधिक तथा बिषयगत जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयकै प्राविधिक तथा बिषयगत जनशक्तिबाट यस्तो कार्य गराउनु पर्नेतर्फ ध्यान दिनु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु र अन्य प्रतिबेदनहरुलाई कार्यान्वियनमा लैजान पालिकाले ध्यान दिनु पर्दछ।पालिकाले आवश्यकताको पहिचानको आधारमामात्र विभिन्न बिषयगत प्रतिबेदन तयार गर्ने साथै आवश्यकता बेगर प्रतिबेदन बनाउने कार्यमा निन्त्रण हुनु पर्दछ ।यस बर्ष परामर्श मार्फत गराएको कार्यका केही उदाहणहरू निम्नानुसार छनः-

सि.नं.	गो.भौ./मिति	परामर्शदाताको नाम	अध्ययनको बिषय	लागत अनुमान (मू.अ.कर सहित)	भुक्तानी रकम (मू.अ.कर सहित)
१	४३२/०८१। १०।२०	तिनजुरे कन्सलटेन्ट एण्ड विल्डर्स प्रा.लि., बराहक्षेत्र	संगठन सर्वेक्षण तथा व्यवस्थापन(O &M)	४८७,०८७	४८७,०८७
२	४३१/०८१।४। ३०	भावी इञ्जिनियरिङ्ग सोलुसन्स	छथर जोरपाटी गाउँपालिक प्रोफाइल निर्माण	४८१३६९	४८१३६९
३	८२२/०८२।३। २५	धनकुटा मिडिया हाउस प्रा.लि.	पालिका स्तरीय डकुमेन्ट्री निर्माण	३४७,०००	३४७,०००
४	७४५/०८२।३। १६	खवरपालिका मिडिया नेटवर्क धनकुटा	वडा नं ३ भिडियो प्रोफाइल निर्माण	९९०००	९९०००
५	७५३/०८२।३। १८	साझेदारी विकास नेपाल, ललितपुर	सामाजिक परीक्षण	३४६९१०	३४६९१०
६	७७४/०८२।३। २२	खवरपालिका मिडिया नेटवर्क	सार्वजनिक सुनुवाई	१९९८००	१९९८००

पालिकाबाट प्राप्त उल्लिखित तालिका अनुसार परामर्श सेवाको लागत अनुमान र भुक्तानी रकम वरावर देखिदा लागत अनुमान यथार्थ र वस्तुपरक रहेको छैन। यस सम्बन्धमा एकिन गरि सुधार गर्नुपर्दछ ।

४१.३ **वितरणमुखी तथा अनुत्पादक खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेशबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजीनिर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ भन्ने व्यहोरा उल्लेख छ। वितरणमूखी अनुत्पादक खर्चलाई निरुत्साहित गरी अधिकतम प्रतिफल दिने गरी सीमित स्रोतसाधनको उच्चतम उपयोग सुनिश्चित हुनुपर्ने उल्लेख छ । यो वर्ष पालिकाले देहाय अनुसारका केही कार्यक्रमहरु सञ्चालनका लागि गरेको भुक्तानी ऐनको उल्लिखित व्यवस्था अनुसार उपलब्धि मुलक भएको देखिएन । अतः यस्तो खर्च नियन्त्रण गरी उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु पर्दछ।

गो भ नं/ मिति	ब उ शि नं/ स्रोत	भुक्तानी पाउने	सहायता तथा कार्यक्रम एवं प्रयोजन	रकम रु.
२०७/ २०८१। ६।१०	पालिका चालू/ राजश्व बाँडफाँड संघीय सरकार	स.म.वि.नि. एलिना निरौला	पालिका स्तरीय तीज विशेष कार्यक्रम संचालानार्थ	२५००००
२४९/ २०८१। ६।२२	पालिका चालू/ आन्तरिक स्रोत	जोरपाटी युवा क्लब	विविध खेलकुद कार्यक्रम संचालानार्थ	९९०००
३५०/ ९।३	पालिका चालू/ आन्तरिक स्रोत	जोरपाटी युवा क्लब	विविध खेलकुद कार्यक्रम संचालानार्थ	९५०००
४२९/ १०।२०	पालिका चालू/ राजश्व बाँडफाँड संघीय सरकार	जोरपाटी युवा क्लब	खुला पुरुष फूटबल प्रतियोगिता संचालानार्थ	२८९०००
४४४/ १०।२०	पालिका चालू/ आन्तरिक तथा राजश्व बाँडफाँड प्रदेश	जोरपाटी लाफा समाज	माघी मेला संचालानार्थ वडा नं २ को बजेटबाट	१५१०००
५७२/ २०८२। १।१२	वडाध्यक्ष खुला फूटबल प्रतियोगिता / राजश्व बाँडफाँड/ आन्तरिक	संगित समाज सेवा युवा क्लब छथर जोरपाटी	वडाध्यक्ष खुला फूटबल प्रतियोगिता (पुरुष/ महिला) संचलानार्थ वडा नं ५ को बजेटबाट	३५००००
५७९/ २०८२। १।२१	पालिका चालू/ राजश्व बाँडफाँड संघीय सरकार	नेवा पुचः धनकुटा	भेषभुसा तथा बाजागाजा खरिद प्रयोजनार्थ	८००००
५५६/ २०८२। १।५	पालिका स्तरीय फूटबल खेलकुद आयोजना	सिँधुवा सिंहदेवी युथ क्लव छथर जोरपाटी	पालिकास्तरिय अध्यक्ष फूटबल प्रतियोगिता संचालानार्थ	७०००००
८०९/ २०८२। ३।२४	उपाध्यक्षसँग खुला ब्याडमिन्टन प्रतियोगिता	जोरपाटी ब्याडमिन्टन क्लब, छथर जोरपाटी		२०००००
जम्मा				**२२१४०००**

४१.४ **अन्य कार्यालयको खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ३९ बमोजिम सरकारी खर्च गर्दा बजेटको सिमा भित्र रही तोकिएको प्रकृया पूरा गरी तोकिएको प्रयोजनमा मात्र खर्च गर्नु पर्दछ । स्थानीय निकायका लागि वित्तीय समानिकरण अनुदान बापत प्राप्त हुने रकम केन्द्र सरकारबाट छुट्टै बजेट बिनियोजन हुने सरकारी कार्यालयका लागि खर्च गर्न मिल्ने देखिदैन । पालिकाले पालिका चालु शीर्षकबाट विभिन्न सरकारी कार्यालयको भवन निर्माण, मर्मत संभार, बस्तुगत अनुदान तथा अन्य चालु प्रकृतिका खर्चहरु बापत भुक्तानी दिने गरेको पाईयो । यसरी सार्वजनिक निर्माण, अनुदान, सहायता उपलब्ध गराउनु पर्ने अवस्था सिर्जना भएमा आफ्नो आन्तरिक श्रोतबाट प्राप्त रकमको उपभोग गर्नुपर्नेमा सो समेत गरेको पाईएन । यसरी हुने सार्वजनिक खर्चबाट काममा दोहोरोपना हुन सक्ने, बजेट तथा जिन्सी मालसामानको अनियमिता र हिनामिना समेत हुन सक्ने हुँदा यस्ता कार्यमा भएको खर्च नियमसम्मत देखिएन।

सि. नं .	गो. भौ . नं. / मिति र बउशिनं	अन्य कार्यालयको नाम	कामको बिवरण	भुक्तानी रकम रू.	कैफियत
१	२१६/२०८१।६।१५, ३८९/२०८१।९।२६ ५३८/०८१।१२।२२ राजस्व बाँडफाँड - संघीय सरकार	जोरपाटी प्रहरी चौकी, छथरजोरपाटी २	जोरपाटी प्रहरी चौकी, छथरजोरपाटी-२ को घरभाडा बापत भएको भुक्तानी	२१७,८००	जोरपाटी प्रहरी चौकीकोलागि लोकेन्द्र बहादुर पुर्वछानेको घर भाडा लिइ एक बर्षको घर भाडा बापतको रकम भुक्तानी भएको

अनियमित भएको	१,१७,८००

४१.५ **पढ्दै कमाउदै कार्यक्रम -** कार्यान्वयन कार्यविधि २०८१/८२ को कार्यक्रममा प्राविधिक धार पढाइ हुने विद्यालयका विद्यार्थीहरुका लागि पढ्दै कमाउदै कार्यक्रम अन्तर्गत संघीय सशर्त शीर्षकबाट नेपाल सरकारले प्रति विद्यार्थी रकम उपलब्ध गराउँदै आएको छ । पालिकाले

पुनः सोही शीर्षकमा प्राविधिक धार पढाइ नहुने विद्यालयमा पनि देहाय बमोजिम विभिन्न विद्यालयलाई रकम भुक्तानी गरेको देखिन्छ । पालिकाको आफ्नो आन्तरिक आयलाई समेत ख्याल नगरी यसरी असम्बन्धित तथा दोहोरो पर्ने गरी खर्च गर्नु औचित्यपूर्ण देखिदैन ।अतः यसरी खर्च भएको रकम पालिकाबाट नियमित हुनुपर्दछ।

भौ नं/ मिति	विद्यालयको नाम	प्रयोजन	निकासा रकम
६०३/०८१।१।३	शोभित प्रा.वि. वडा नं-३	अदुवाको विउ खरिद	२५०००
५९८/०८१।१।२४	सरस्वती मा.व. ताङ्खुवा-३	च्याउ खेती कार्यक्रम	५००००
६०२/०८१।१।३०	दामोदर मा.वि. वडा नं-३	च्याउ खेती कार्यक्रम	५००००
जम्मा			१२५०००

अनियमित भएको	१,२५,०००

४१.६ **वितरणको भर्पाइ**

(✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१५** को निर्णयले रू **६९१,५२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४१.७ **दिवा खाजा कार्यक्रम** - दिवा खाजा कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियकलाप नं २.७.११.१बमोजिम दिवा खाजा कार्यक्रम बापत कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीकालागि प्रति विद्यार्थी हाजिरी भएको दिनको रू. १५ का दरले बार्षिक जम्मा १८० दिन सम्मको दिवा खाजा बापतको रकम सम्बन्धित विद्यालायलाई नेपाल सरकारले सशर्त कार्यक्रमबापत उपलब्ध गराउने प्रावधान छ । पालिकाले यस बर्ष उक्त रकममा पालिकाको बजेटबाट प्रति विद्यार्थी रू. ५ थप गरी ११५५ जना विद्यार्थीलाई भुक्ती दिएको छ । यसका साथै कक्षा छ मा अध्ययनरत १९३ जना विद्यार्थीलाई पनि पालिकाकै बजेटबाट प्रति विद्यार्थी रू.२० का दरले दिवा खाजा बापत रकम भुक्तानी गरेको छ । यसबाट पालिकालाई रू. १५,६९,००० थप ब्ययभार परेको छ । पालिकाको आफ्नो आन्तरिक आय रू. ७६,८१,४६२.३० मात्र रहेको अवस्थामा यस प्रकारका वितरणकारी कार्यबाट दीर्घकालिन दायित्व सिर्जना हुने तथा पालिकालाई आगामी दिनमा खर्चको चाप बढ्दै जाने भएकोले यस्ता प्रकारका खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।

४१.८ **कक्षा ८ को परीक्षा संचालन** - शिक्षा तर्फको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं २.७.१३.३०२ मा उल्लेख भए बमोजिम कक्षा ८ को परीक्षा संचालन तथा व्यवस्थापन शीर्षकमा संघीय सरकारबाट प्रति विद्यार्थी रू. २७५ का दरले बजेट निकासा हुने र परीक्षालाई थप ब्यवस्थित गर्ने प्रयोजनका लागि पालिकाले थप खर्च गर्न सक्ने प्रावधान छ । सोही प्रावधान बमोजिम पालिकाले उक्त कार्यका लागि यस बर्ष रू. ५,५०,००० थप खर्च गरेको छ । पालिकाले यस आ. व. मा कक्षा ८ को बार्षिका परीक्षामा २७५ जना विद्यार्थी संलग्न भएको विवरण पेश गरेको छ । संघीय सरकारबाट प्राप्त हुने सशर्त बजेट रू. ७५,६२५ र पालिकाको थप बजेट रू. ५५०,००० सहित कुल रू. ६२५,६२५ खर्च हुँदा प्रति विद्यार्थी लागत रू. २२७५ भएको देखिन्छ । अन्य पालिकाको तुलनामा प्रति विद्यार्थी लागत अधिक भएको देखिन्छ । पालिकाले आगामी दिनमा यस्तो खर्चमा मितव्ययीता अपनाउनुपर्दछ।

४१.९ **सफ्टवयरको प्रयोग** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, को नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवाश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । भौ. नं. बाट ३६८/०८१।९।१७ स्मार्ट स्कुल सिकाइ सफ्टवेयर खरिद गरेकोमा जे. एल.के. सफ्टवेयर प्रा.लि. ललितपुरलाई रु. ३,२२,९६८ भुक्तानी भएको छ । यस सम्बन्धमा आवश्यकताको पहिचान, आइटी अडिट र उक्त सफ्टवेयर प्रयोगको प्रमाण पेश भएन । उल्लिखित सफ्टवयर प्रयोग भएको प्रमाण पेश हुनुपर्दछ।

प्रमाण पेश नगरेको	३,९२,९६८

४१.१० **स्वास्थ्य वीमा कार्यक्रम** - पालिकाले "छथर जोरपाटी गाउँपालिका नागरिक स्वास्थ्य वीमा कार्यक्रम कार्यविधि २०७९" बमोजिम पालिकामा स्वास्थ्य वीमामा आवद्ध परिवारको वीमा प्रिमियम रकमको ५० प्रतिशत रकम भुक्तानी गर्दै आएको छ । यस बर्ष पालिकालाई सो कार्यक्रम बापत रू. १८,००,००० थप ब्ययभार परेको छ ।दीर्घकालिन दायित्व सिर्जना गर्ने यस्तो प्रकृतिको कार्यबाट पालिकालाई पछि सम्म पनि असर पर्न सक्ने देखिन्छ । नागरिकको आर्थिक अवस्थाको विश्लेशण गरेर आवस्यकताको आधारमा मात्र यस्ता कार्यक्रम संचालन गर्न सकेमा पालिकाको वितरणकारी खर्चलाई कटौती गर्न सकिन्छ । लोक हितका नाममा आर्थिक अवस्था सक्षम भएका नागरिको समेत पालिकाले यस्तो खर्च जिम्मेवारी बहन गर्दा अन्य रोजगरी सिर्जनाका कार्य तथा पूँजी निर्माण हुने कार्यको बजेट कटौती हुन गइ समग्र पालिकाको आर्थीक उन्नतिमा असर पुग्ने भएकोले यसतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

४२ **सवारी साधन रिजर्भ**

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७, को नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवाश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।नमुना छनौटको आधारमा परीक्षण गर्दा पलिकाले बिभिन्न समयमा विभिन्न योजनाको अनुगमन, भ्रमण तथा अन्य ब्यक्तिगत कार्यप्रयोजनको लागि सवारी साधन रिजर्भ बापत रू. ६७३,२०० खर्च गरेको पाइयो ।यस्तो खर्च गर्दा निर्दिस्ठ मापदण्ड, कार्यविधि पालना भएको देखिएन । सम्बन्धित सवारी धनीसँग पूर्व संझौता गरेको पनि देखिदैन ।यसरी ब्यक्तिगत रुपमा सवारी साधन रिजर्भ गरी सार्वजनिक कोषबाट खर्च भएको रकम नियमसम्मत देखिएन।

अनियमित भएको	६,७३,२००

४३ **अनुदानको उपयोग**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले यस बर्ष देहाय बमोजिम कृषि अनुदानमा रु. २१,८२,०५९ र पशु अनुदान तर्फ रु. १७,४३,१२५ गरि जम्मा रु. ३९,२५,१८४ अनुदान उपलब्ध गराएको पाईयो। पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धीको मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीयतहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदान रकम सार्वजनिकीकरण गरि अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ। उल्लिखित अनुदानको वितरणको बिवरण देहाय बमोजिम रहेको छ।

(विस्तृत विवरण बेरूजु दफा ४३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४४ **स्वास्थ्य तर्फ**

स्वास्थ्य तर्फ देखिएका वेहोराहरु देहाय बमोजिम रहेका छन्

४४.१ **अभिलेख व्यवस्थापन** - स्वास्थ्य सेवा विभागको प.सं २०८१।०८२,चलानी नं २०७३ मिति २०८२।३।३० गते जारी भएको परिपत्रको आधारमा पालिका अन्तर्गत रहेका स्वास्थ्य शाखाले प्राप्त गरेको औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्ने प्रणाली eLMIS लाई अगामी आ.व २०८२।८३ बाट PAMS मै एउटा system थप गरी अभिलेख राख्नुपर्ने जानकारी दिएको छ । साथै सोही परिपत्रले आ.व २०८१।८२ को अन्तिम महिना आषाढतिर म्यानुअल तरिकाले विवरण डाउनलोड गरी सो मौज्दातलाई नयाँ PAMS V2 मा Migration गर्नुपर्ने जानकारी दिएको छ। नयाँ PAMS V2 मा औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्नको लागि २०८२ श्रावण मसान्तभित्र युजर आइडी सिर्जना गरी अभिलेख अधावधिक गरिसक्नुपर्नेमा हालसम्म पनि अभिलेख अधावधिक गरेको देखिएन। तसर्थ पालिकाले यस प्रणालीको सिर्जना गरी औषधी तथा औषधीजन्य सामाग्रीहरु अभिलेख चुस्त दुरुस्त राख्नुपर्छ।

४४.२ **न्यानो झोला कार्यक्रम** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि पालिकाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०८०।८१ को बाँकी १०५ वटा न्यानो झोला जिम्मेवारी सारेको र यस आर्थिक न्यानो झोला खरिद गरेको छैन । पालिका अन्तर्गत रहेका ३ वटा बर्थिङ्ग सेन्टरमा प्रसूती भएका ३८ जना सुत्केरी आमाहरुलाई ३८ वटा बितरण गरी पालिका र पालिका अन्तर्गतका बर्थिङ्ग सेन्टरमा ५२ तथा स्वास्थ्य शाखामा १५ वटा न्यानो झोला बाँकी रहेको देखिन्छ । बाँकी रहेको न्यानो झोला लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

४४.३ **वेभसाइटबाट सार्वजनिकरण**

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-११** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

४४.४ **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सुचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले गिताश्वनी प्रोमेडबाट रु. ८,२५,८९७ को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

४४.५ **हर्जना** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१मा आपुर्तिकर्ताले संझौतामा तोकिएको समयमा मालसामन सप्लाई गर्न नसकेमा प्रतिदिन ०.०५ प्रतिशतले हर्जना असुल गर्नु पर्ने व्यवस्था छ । पालिकाले गिताश्वनी प्रोमेडलाई मिति २०८१।९।५ मा दिएको खरिद आदेशमा औषधिहरु मिति २०८१ माघ ५ सम्ममा पालिकामा औषधिहरु सप्लाई गरी सक्नु पर्ने उल्लेख भएकोमा पालिकामा मिति २०८१।१२।६ मा मात्र दाखिला भएको पाइएकोले ढिला दाखिला भएको ६१ दिनको संझौता रकम रु. १०,६१,०६५ को रु. ३२,३६२ असुल हुनुपर्दछ।

असुल गर्नुपर्ने	३२,३६२

४५ **आन्तरिक आय**

आन्तरिक आय तर्फ देखिएका वेहोराहरु देहाय बमोजिम रहेका छन्

४५.१ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय कर शिर्षकमा रु. ४,३०,५८७ कर सङ्कलन गरेको देखिन्छ । पालिकाको क्षेत्र भित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।

४५.२ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख

व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

प्राप्तिको श्रोत	वार्षिक अनुमानित आय	आम्दानी
११३१३ - सम्पती कर	२३, ५० , ०००.००	४, १० , ५०४.२०
११३१४ - भुमिकर/मालपोत	८, ०० , ०००.००	९, १६ , ५९५.२७
११३१७ - वहाल कर	४, ५० , ०००.००	५, ५५ , ७२३.२७
११४५१ - सवारी साधन कर (साना सवारी)	०	१,५००.००
११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	०	१,१४०.००
११६९१ - अन्य कर	०	३,१००.००
१४२१९ - अन्य सेवा शुल्क तथा बिक्री	०	८, ०६ , ६२०.००
१४२२१ - न्यायिक दस्तूर	०	२,५५०.००
१४२२३ - शिक्षा क्षेत्रको आम्दानी	२५,०००.००	११,०००.००
१४२२४ - परीक्षा शुल्क	४४,०००.००	०
१४२२५ - यातायात क्षेत्रको आम्दानी	०	५००.
१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	२, ०० , ०००.००	९९,२२०.००
१४२४२ - नक्सापास दस्तुर	१, ०० , ०००.००	१९,७५२.३१
१४२४३ - सिफारिश दस्तुर	१९, ०० , ०००.००	९, ६६ , ५५०.००
१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	५,०००.००	१, ६० , ३००.००
१४२४५ - नाता प्रमाणित दस्तुर	१२,०००.००	४३,१५०.००
१४२४९ - अन्य दस्तुर	४, ९० , ०००.००	३, ९५ , ३२२.००
१४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर	१०, ०० , ०००.००	२, ४१ , ६७१.००
१४२६३ - जलस्रोत सम्बन्धी अन्य दस्तुर	२, ५० , ०००.००	०
१४२६५ - अन्य क्षेत्रको आय	०	४, ०० , ७७२.००
१४३११ - न्यायिक दण्ड , जरिवाना र जफत	१, २६ , ०००.००	१८,०६९.००
१४३१२ - प्रशासनिक दण्ड , जरिवाना र जफत	१, ७५ , ०००.००	६६,५००.००
१४५२१ - प्रदुषण नियन्त्रण शुल्क	२, ७३ , ०००.००	९, ९० , ८८०.००
१४५२९ - अन्य राजस्व	२४, ५० , ०००.००	८, ७२ , ६९१.४०
१४६११ - व्यवसाय कर	०	४, ३० , ५८७.००
	१, ०६ , ५० , ०००.००	७४, १४ , ६९७.४५

४५.३ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने उल्लेख छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय

अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४६१०७२५६६.५८	७६८१४६२.३	१.६७

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.६७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनु पर्दछ।

४५.४ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा देहायका तीन बर्षको आन्तरिक आय यसप्रकार रहेको पाईयो।

आय शीर्षक	आ.ब. २०७९।८० को वास्तविक आय	आ.ब. २०८०।८१ को वास्तविक आय	आ.ब. २०८१।८२ को अनुमानीत आय	आ.ब. २०८१।८२ को वास्तविक आय
बिभिन्न	१, ०४ , २३ , ४५०.७०	७४, १४ , ६९७.४५	१, १० , ०० , ०००.००	७६, ८१ , ४६२.३०

उल्लिखित आय विवरण अनुसार आ.ब. २०७९।८० को वास्तविक आय रु. १०,४२,३४,४५०.७० रहेकोमा आ.ब. २०८०।८१ को वास्तविक आय २८.८६ पले कम भई मा रु. ७४,१४,६९७.४५ मात्र आम्दानी भएको छ। त्यसैगरी यस बर्ष पालिकाको आन्तरिक आयतर्फ मालपोत, कर, सेवाशुल्क, दस्तुर वापत अनुमानित रु. १,१०,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा रु. ७६,८१,४६२.३० अर्थात अनुमान भन्दा ६९ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ ध्यान दिनु पर्दछ।

४६ **शिक्षा तर्फ**

शिक्षा तर्फ देखिएका वेहोराहरु देहाय बमोजिम रहेका छन्

४६.१ **शिक्षक बिद्यार्थि अनुपात** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ।पालिकाले उपलब्ध गराएको बिबरण अनुसार देहाबमोजिमका विद्यालयहरुमा विद्यालय शिक्षक अनुपात रहेको छ।

सि. नं.	बिद्यालयको नाम	वडा नं.	विद्यार्थि संख्या	शिक्षक संख्या	शिक्षक विद्यार्थि अनुपात
१	Adharbhut Pra V	५	९	१	९
२	Bharati Secondary School	१	१९८	१८	११
३	Bhimeshwari Basic School	५	६८	४	१७
४	Chulachuli Secondary School	३	१९०	१८	१०.५५६
५	Damodar Secondary School	३	७६	१२	६.३३
६	Divyashwori Aadharbhut School	५	९९	४	२४.७५
७	Jana Jyoti Basic School	२	१२	२	६
८	Jana Kalyan Basic School	१	४९	२	२४.५
९	Janasewa Basic School	४	२०	२	१०
१०	Laxmi Secondary School	२	१८५	१०	१८.५
११	Mahakali Secondary School	५	८१	९	९
१२	Margeshwori Basic School	४	२१	३	७
१३	Nawa Niketan Pra V	२	३४	३	११.३३
१४	Nishan Devi Basic School	३	१६	२	८
१५	Panchayat Basic School	४	८	१	८
१६	Sarada Basic School	४	५१	७	७.२८५७
१७	Saraswati Secondary School Majuwa	६	१७३	८	२१.६२५
१८	Saraswati Secondary School Sindhuwa	६	४६१	२२	२०.९५५
१९	Saraswati Secondary School, Tankhuwa	३	१०४	८	१३
२०	Shalle Basic School	२	२३	२	११.५
२१	SHARADA SECONDARY SCHOOL, BOJHENEE	१	१२३	८	१५.३७५
२२	Shree Mahajanjyoti Basic School	२	१८	१	१८
२३	Shree Primary School Namjang	६	३०	३	१०
२४	Siddha Devi Primary School	५	१२	१	१२
२५	Sobhit primary School	३	३४	३	११.३३३
२६	Surunge Basic School	२	१५	२	७.५
२७	Teliya Basic School	४	१४	१	१४
२८	Tileshwar Secondary School	४	८६	१०	८.७
	जम्मा		२२१०	१६७	१३.२३४

उल्लिखित शिक्षक बिद्यार्थि अनुपातलाई अध्ययन गर्दा ६ देखि २१ सम्मको अनुपात देखियो । विद्यार्थी सङ्ख्या कम भएका विद्यालयहरु एकआपसमा गाभी शिक्षक दरबन्दी समायोजन गर्नुपर्दछ।

४६.२ **शिक्षक दरबन्दी र पदपूर्ति** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ। स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत १८ वटा आधारभूत विद्यालय, १० वटा माध्यमिक विद्यालयहरु गरि २८ विद्यालय सञ्चालनमा रहेका छन । सञ्चालनमा रहेका २८ विद्यालयहरुमा शिक्षकको दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ।

तह	दरबन्दी संख्या	पदपूर्ति					विद्यार्थी संख्या	विद्यार्थी शिक्षक अनुपात
		स्थायी	राहत	करार	अनुदान	जम्मा		
प्राथमिक शिक्षक	१०४	९४	७	३	२	१०४	८३०	८
निम्न माध्यमिक शिक्षक	३८	२४	१२	०	२	३८	५८८	१५.७४
माध्यमिक शिक्षक	३०	२२	८	०	०	३०	४००	१३.३३
उच्च माध्यमिक शिक्षक	७	०	०	७	०	७	७१	१०.१४
प्राविधिक धार	८	०	०	८	०	८	९८	१२.२५
जम्मा	१८७							

४६.३ **अनुदान शिक्षक** - स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहका सामुदायीक विद्यालयमा रहेका शिक्षकहरुको तलब भत्ता शर्शत शिक्षा तर्फ वजेट व्यवस्था गरी स्वीकृत दरवन्दी अनुसार खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले पालिका चालु शिर्षकबाट अनुदान कोटाकाबाट बिभिन्न २८ विद्यालयको लागि ३१ शिक्षक नियुक्ती गरी रु. ७२,९४,४८० अनुदान शिक्षकमा खर्च गरेको छ । पालिकाको आन्तरिक आय रु. ७६८१४६२ रहेको अवस्थामा अनुदान शिक्षकमा रु. ७२,९४,४८० खर्च हुनु मनासिव देखिदैन । विद्यार्थी सङ्ख्या कम भएका विद्यालय एकआपसमा गाभ्ने कार्य तथा शिक्षक दरबन्दी समायोजन नगरी पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयलेलाई यस प्रकारको खर्च अनियमित भएको भनि बेरुजु औंल्याएकोमा यस पटक पनि यस प्रकारको खर्च हुनु नियमसम्मत देखिएन।

अनियमित भएको	७२,९४,४८०

४६.४ **अनुदानको अनुगमन** - शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा जारी कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारीत मापदण्ड र प्रक्रीया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले अन्तर्गतका विद्यालयहरुलाई यो वर्ष निम्नानुसार अनुदान निकासा गरेकोमा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन गर्ने तथा प्रतिवेदन दिने गरेको देखिएन।कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन हुनुपर्दछ।

क्र.स.	विद्यालयलाई अनुदान	विद्यालय संख्या	रकम
१	पाठ्यपुस्तक अनुदान	२८	१३६२२२७
२	छात्रवृत्ति अनुदान	२८	१७२६००
३	पुस्कतकालय अनुदान	१	६५००००

४६.५ **अनुगमन प्रतिवेदन** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को ९.५ विद्यालयमा पुस्तकालय तथा ICT व्यवस्थापन (फिक्सिङ किताव खरिद तथा ई पुस्तकालय समेत) च मा विद्यालयमा ICT ल्याव व्यवस्थापन कार्यक्रम वितरण गर्दा स्थानीय तहले इन्टरनेटको

पहुँच भएका तथा विद्युतको नियमित आपुर्ति भएका विद्यालयहरुको विवरण तयार गरी उक्त विद्यालयबाट प्रस्ताव माग गर्ने । विद्यालयले कम्प्युटर ऐच्छिक विषयका रुपमा अध्यापन गराएका एवम् शिक्षकको ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरणसहित प्रस्तावमा उल्लेख गर्न लगाई प्रस्तावहरुको मूल्यांकन गरी विद्यालयहरुको छनोट गर्नु पर्दछ। साथै बुदा नं ९.६ मा विद्यालयमा विज्ञान प्रयोगशाला अनुदानका लागि स्थानीय तहमा कक्षा ११-१२ मा जीव विज्ञान, भौतिक विज्ञान र रसायन विज्ञान विषय अध्यापन गर्ने विद्यालयहरुमा विज्ञान प्रयोगशाला नभएको भए प्रथामिकता साथ विज्ञान प्रयोगशाला अनुदान उपलब्ध गराउने र विगतमा यस प्रकृतिको अनुदान नपाएका माध्यमिक विद्यालयहरुको पहिचान गरी प्रति विद्यालय रु. ६ लाख ५० हजारको दरले विद्यालयलाई निकासा दिने व्यवस्था छ । अनुदान प्राप्त विद्यालयहरुले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप कार्यान्वियन गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको प्रतिवेदन एकप्रति शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा पठाउने व्यवस्था छ । साथै ICT Lab स्थापना सम्बन्धी कार्यविधि,२०७८ को ७(ङ) मा स्थानीय तहका प्राविधिकबाट स्पेशिफिकेशन अनुसारको कार्य सम्पन्न भई प्रयोगशाला जडान तथा सञ्चालन योग्य भएको प्रतिवेदन, विद्यालय व्यवस्थापन समितिको निर्णय, सामान खरिद गरेको बिल भरपाई र सो बमोजिमको रकम बैंकिङ्ग प्रणाली मार्फत सामग्री आपूर्ती गर्ने सम्बन्धित फर्मको खातामा भुक्तानी कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको अवधि सम्म संलग्न श्रेस्तामा अनुगमन गरी कार्यविधि अनुसारको कार्यक्रमको प्रतिवेदन संलग्न गरेको नदेखिएकोले यस तर्फ पालिकाले ध्यान दिनु पर्दछ।

विद्यालयको नाम	कार्यक्रम	रकम
चुलाचुली मावी	कृषि ल्याव संचालन	२०००००
श्री दिव्येश्वरी आधारभुत विद्यालय	पुस्तकालय तथा ICT lab व्यवस्थापन	६५००००
सरस्वती मावि सिधुवा	कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	१००००००
	जम्मा	१७५०००००

४६.६ **अनुदान फिर्ता**

(✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-११** को निर्णयले रू **८७,०३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४६.७ **बिल भरपाई नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। निम्न उल्लेखित विद्यालयले पेश गरेको विद्यालय सुधार योजनामा तोकीएका सम्पुर्ण विवरण अद्यावधिक नगरेको तथा देहायका विद्यालयले विद्यालय सुधार योजना पेश गरेको नपाइएको खर्च पुष्टि हुने प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ।

विद्यालयको नाम	रकम
महाकाली मावि, ताम्लिङ	२००००
जम्मा	२००००

(✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-११** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-११** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-११** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१५** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-११** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-११** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	२०,०००

४६.८ **शैक्षिक गुणस्तर** - सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसममयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्थागरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानुपर्दछ।

४७ **ठेक्का व्यवस्थापन**

४७.१ **ठेक्का अभिलेख** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

४७.२ **ठेक्का व्यवस्थापन-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.९७ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समानै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। लेखापरीक्षणको क्रममा ठेक्काको विवरण माग गरिएकोमा देहाय बमोजिमको विवरण प्राप्त भएको छ। ठेक्काको अभिलेखलाई अध्यावधिक र व्यवस्थित गर्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ४७.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४८ **त्रिसुले हात्तिखर्क सडक कालोपत्रे (पहिलो फेज)**

त्रिसुले हात्तिखर्क सडक कालोपत्रे(पहिलो फेज) निर्माण कार्यको लागि रू.२,०३,१५,३८०.६९(पिए र भ्याट समेत) चेनेज (0+00 To 1+70) को लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ई-बिड मार्फत कम कबोल गर्ने निर्माण व्यबसायी बि.जी.- कोब्रा जे.भी., हेटौडासंग मिति २०८१।३।२४ मा सम्पन्न गर्ने गरी रू.१,९३,४५,४४०.६३(पिए र भ्याट समेत) मिति २०८०।०९।२६ मा संझौता भएको देखिन्छ। उक्त संझौता बमोजिम तेस्रो बिलसम्म रू.१,७६,३९,५०९.७२ उठेपनि रू.१,६६,३९,५०८.८२ हालसम्म भुक्तानी भई निर्माणाधिन अवस्थामा रहेको देखिन्छ। सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छनः-

४८.१ **कार्यसम्पादन जमानत-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० अनुसार त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा एक महिना वढि अवधी भएको कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था गरेको छ । उक्त निर्माण कार्यको लागि मिति २०८२।९।३० सम्म म्याद थप भएको छ । कानुन बमोजिम कार्यसम्पादन जमानतको म्याद थप २०८३।१०।३० सम्मको हुनुपर्नेमा कृषि बिकास बैंकको रू.८,५७,०००.००(बैंक जमानत नं. PB083/0008/4757/24) को मिति २०८२।४।३० सम्मको मात्र रहेको र सोको म्याद थप गरेको देखिएन । कार्य सम्पादन जमानतको म्याद सकिएको अवस्थामा निर्माण व्यवसायीले दायित्व पुरा नगरेको अवस्थामा जिम्मेवार वनाउन सकिदैन। तसर्थ बैंक जमानतको नियम बमोजिमको म्याद थप भई आएको प्रमाण पेश गर्नुपर्दछ।

प्रमाण पेश नगरेको	८,५७,०००

४८.२ **बीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ। पालिकाले सम्झौता गर्दाका बखत बिमा गराएता पनि निर्माण कार्यको म्याद थप हुदा बिमाको पनि म्याद थप नगरेको तथा निर्माण कार्यको अवधिको लागि चाहिनेसम्मको कानुन बमोजिम पुर्ण रुपमा बिमा नगरेको देखिन्छ ।कानुनमा भएको व्यबस्थाको पालना गर्नुपर्दछ।

४८.३ **ट्याककोट**

(..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-११** को निर्णयले रू **१०९,१७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४९ **छथर चक्रपथ सडक स्तरोन्नती**

छथर चक्रपथ सडक स्तरोन्नती निर्माण कार्यको लागि रू.१,३९,२५,१८३.१२(पिएर भ्याट समेत) को लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमई-बिड मार्फत कम कबोल गर्ने निर्माण व्यबसायी कौशीकी निर्माण सेवा प्रा.ली. काठमाण्डौसंग मिति २०८१।३।२४ मा सम्पन्न गर्ने गरी रू.९२,५५,६७२.७९(पिए र भ्याट समेत) मिति २०८०।१२।१२ मा संझौता भएको देखिन्छ । उक्त संझौता बमोजिम तेस्रो बिल(अन्तिम बिल) रू.३२,५६,१३९.८७ सहित हालसम्म जम्मा रू.९०,४६,५७७.७२ भुक्तानी भएको देखिन्छ। सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छनः-

४९.१ **योजना अनुगमन तथा सुपरिवेक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ (ख) मा उपाध्यक्ष वा उपप्रमुखको काम, कर्तव्य र अधिकार सम्बन्धमा स्पष्ट व्यबस्था गरेको छ । सो दफाको बुदा नं. ५ मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने उल्लेख छ । पालिकाले उक्त योजनाको अनुगमन तथा सुपरिवेक्षण गरी प्रतिवेदन तयार गरेको लेखापरीक्षणको क्रममा देखिएन । अतः कानुनमा भएको व्यबस्थाको पुर्ण रुपमा पालना गरी कार्य सम्पन्न भएको सम्बन्धमा योजना तथा कार्यक्रमहरुको प्रभावकारी तरिकाले अनुगमन तथा सुपरिवेक्षण गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

४९.२ **बीमा-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ। पालिकाले सम्झौता गर्दाका बखत बिमा गराएता पनि निर्माण कार्यको म्याद थप हुदा बिमाको पनि म्याद थप नगरेको तथा निर्माण कार्यको अवधिको लागि चाहिनेसम्मको कानुन बमोजिम पुर्ण रुपमा बिमा नगरेको देखिन्छ । कानुनमा भएको व्यबस्थाको पालना गर्नुपर्दछ।

४९.३ **कार्य स्वीकार-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपुर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने छ । सोही नियमको उपनियम (४) मा निर्माण गरिएको संरचनाको उदेश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित नभएसम्म त्यस्तो कुनै पनि कार्य स्वीकार गर्नुहुदैन । उक्त निर्माण कार्यको कार्यसम्पन्न गर्नुपर्ने अन्तिम मिति २०८१।३।२४ सम्म रहेकोमा सो समयमा कार्यसम्पन्न हुन नसकि मिति २०८१।९।५ मा अन्तिम बिल(तेस्रो बिल) पेश हुदा उक्त निर्माण कार्यको लागि पालिकाको तर्फबाट कार्य म्याद थप नहुदा पालिकाको निर्णय बमोजिम रू.७,६३,५९३.०० पुर्व निर्धारित क्षतिपुर्ति कट्टी गरी भुक्तानी गरेको देखिन्छ । अन्तिम बिल पेश भई भुक्तानी भएतापनि पालिकाको तर्फबाट उक्त निर्माण कार्य सम्पन्न भएको कार्य स्वीकार प्रतिवेदन तयार गरेको देखिएन । अतः

कार्य गर्न थप बांकी भएको अवस्थामा सो कार्यसम्पन्न गरी वा उक्त संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित भएको अवस्थामा कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।

५० **पुँजीगत खर्च तर्फ**

पुँजीगत खर्च तर्फ देखिएका वेहोराहरु देहायबमोजिम रहेका छन्

५०.१ **ईटा सम्बद्ध कार्यमा मू.अ.क**र

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **९,९३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१०,८४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५०.२ **ढुङ्गाको राजश्व** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । छथर जोरपाटी गाउँपालिकाको आर्थिक ऐन,२०८१।८२ को अनुसुची ७ को दफा ४२ मा ढुंगा, गिट्टी तथा बालुवाको(आन्तरिक र बाह्य दुवै) प्रति ट्याक्टर रु.७०० सेवाशुल्क दस्तुर लिनुपर्ने भनी उल्लेख गरेको छ। पालिकाबाट संचालन भएका योजनाहरुको नमुना छनौट गरी परीक्षण गर्दा योजनाका लागि ढुंगा घनमिटरमा खरिद गरी विभिन्न व्यक्तिलाई भरपाई गरी रकम भुक्तानी गरेको देखिन्छ र ढुंगा, गिट्टी तथा बालुवाबाट(आन्तरिक र बाह्य दुवै) पालिकाले राजस्व आम्दानी गरेको देखिएन। यस सम्बन्धमा पालिकासंग छलफल गर्दा माघ भन्दा पछाडीका योजनाहरुमा मिति २०८१ पौष २८ गते बसेको दोस्रो गाउँसभाको छैठौ अधिवेशनले उल्लेखित खोला बाहेक अन्य क्षेत्रबाट खरिद बिक्रि हुने ढुंगा, गिट्टी तथा बालुवाको हकमा कुनै पनि सेवा, शुल्क, दस्तुर नलाग्ने भनी कानुन संशोधन गरेको निर्णय लेखापरीक्षणको क्रममा देखाएको छ र आ.ब. २०८२।८३ को गाउँपालिकाको आर्थिक ऐनमा समेत सो बिषय राखेको देखिएन । अतः एक ट्याक्टरमा २.५ घनमिटर ढुङ्गा, गिटी तथा बालुवा ढुवानी हुने देखिदा खरिद भएको निम्न घनमिटरलाई ट्याक्टरमा परिवर्तन गर्दा हुने रकम असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्ने देखिएको छ।

भौ.न.	उपभोक्ता समितिको नाम	भुक्तानी रकम	विवरण	घ.मि.	ट्याक्टर	दर	कुल रकम
४८	शारददा वाझ विसौना ग्रामिण सडक स्तरोन्नती उ.स.	१८८०००	ढुंगा	५८	२३	७००	१६१००
५९	सल्ले फास्ट ट्र्याक स्तरोन्नती पोखरीटार लक्ष्मी मा.बि. उ.स.	२९४०००	ढुंगा	८६	३४	७००	२३८००
६३	काजिमान ओख्रे सडक स्तरोन्नती उ.स.	१८८०००	ढुंगा	५८	२३	७००	१६१००
६४	देउराली छाव खोला कृषि सडक स्तरोन्नती उ.स.	२४००००	ढुंगा	७५	३०	७००	२१०००
७३	बदामटार छावा खोला कृषि सडक उ.स.	१०००००	ढुंगा	३२	१२	७००	८४००
७८	राजमार्ग मजुवा ग्रामिण सडक उ.स.	१९२०००	ढुंगा	६३	२५	७००	१७५००
८७	मार्से खामडाँडा सडक स्तरोन्नती उ.स.	१८८०००	ढुंगा	५८	२३	७००	१६१००
१०५	बैशाके जौवारी सडक निर्माण उ.स.	५८८०००	ढुंगा	१७२	६८	७००	४७६००
१२६	मादिबुङ कागुने टारी सुन्तले सडक मर्मत उ.स.	९८०००	ढुंगा	३०	१२	७००	८४००
१६१	तारापाते टोल बिकास संस्था	२८२०००	ढुंगा	९६	३८	७००	२६६००
१८०	साम्माङथान निर्माण उ.स.	२९४०००	ढुंगा	१५	६	७००	४२००
१९१	सिधुवा नाम्जाङ कृषि ग्रामिण सडक निर्माण उ.स.	१४८०००	ढुंगा	२०	८	७००	५६००
५०	कर्मछ्योलिङ्ग तमु गुम्बा उ.स.	१८०००००	वालुवा	३३	११	७००	७७००
			गिट्टी	६०	२०	७००	१४००
जम्मा							२२०५००

असुल गर्नुपर्ने	२,२०,५००

५०.३ **सघ समपुरक अनुदान**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१४** को निर्णयले रू **७,३४१,६९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५०.४ **योजना छनौट एबं कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ताकार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।

५०.५ **रित पूर्बकको कर बिजक** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रितपूर्वकको कर वीजक वेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु. ८६,४६७.०४ समेत रु. ७,५१,५९७.९७ सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ।

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	कर विजकको अवस्था	भुक्तानी रकम	मुअकर कर रकम
१३।०८२।१।२६	जोरपाटी निर्माण सेवा, धनकुटा	६०२९९४९६५	डटपेनले लेखेको १	७५१५९७.९७	८६४६७.
जम्मा				७५१५९७.९७	८६४६७

प्रमाण पेश नगरेको	८६,४६७

५०.६ **जटिल संरचना निर्माण** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी., फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो।यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ।यसका केही उदाहरणहरु यस प्रकार रहेका छन्:-

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
७५।०८१।१२।२०	पाथिभरा खानेपानी ट्यांकी निर्माण उ.स.	खानेपानी ट्यांकी निर्माण	२०००००
६२।०८१।१२।६	फुर्छोलिङ गुम्बा निर्माण वडा ६ उ.स.	भवन निर्माण	५०००००
१७५।०८२।०३।२०	श्री चुलाचुली पजुम टोल बिकास संस्था	भवन निर्माण	५७६०००
२२४।०८२।३।२५	साविक तिन नं. टोल बिकास भवन यन.के.यु.यस	भवन निर्माण	२०००००
५०।०८२।३।२५	कर्मछ्योलिङ्ग तमु गुम्बा उ.स.	आर.सि.सि भवन	१८०००००
जम्मा			

५०.७ **एजबिल्ट ड्राइङ्ग**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५०.८ **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा कन्टिजेन्सी रकम कट्टी गर्ने सम्बन्धी व्यबस्था गरिएको छ । पालिकाले यस बर्ष विभिन्न योजनाहरुबाट कन्टिन्जेन्सी रकम कट्टा गरी देहाय अनुसार रू. ५,६१,९१५ खर्च गरेको देखिन्छ । कानुनको व्यबस्था गरी कार्यविधि अनुसार कट्टी तथा खर्च गर्ने परिपाटीको व्यबस्था हुनुपर्दछ।

क्र.सं.	कार्यक्रमको नाम	लागत अनुमान	कन्टिन्जेन्सी खर्च		कन्टिन्जेन्सी खर्च शीर्षकगत			
			गत वर्षसम्मको	चालु वर्षको	मस्टरोल ज्याला	सवारी मर्मत तथा इन्धन	कार्यालय सञ्चालन अनुगमन	सूचना प्रकाशन
१	बिभिन्न	नखुल्ने	नखुल्ने	५६१९१५	२०१०००	३४६२०	१०१४८१	१७४८१४

५०.९ **परामर्श तथा डी.पी.आर. खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट

बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत	कार्यान्वयन भए / नभएको
					(कार्यान्वयन भएको भए वजेट)
सिभुवा पाथिभरा त्रिवेणी सडक स्तरोन्नती (३.५ कि.मि.)	इकोसेन्स इन्जिनियरिङ कन्सल्टेन्सी बिराटनगर महानगरपालिका ११, मोरङ्ग	२,४७,१८७.५०	२,४७,१८७.५०	४,०३,७७,२६४.४३	७०,२८,२८३.६२ (खर्च भएको)
पिङ डाडा खमारे दोभान लेगुवा रोड	इकोसेन्स इन्जिनियरिङ कन्सल्टेन्सी बिराटनगर महानगरपालिका ११, मोरङ्ग	३०००००	३०००००	२५२१३५९७९.२३	काम नभएको

५०.१० **उपभोक्ता समिति मार्फत कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । पालिकामा उपभोक्ता समिति मार्फत भएका कार्य मध्ये केही कार्यहरुको नमूना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका पालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

१. कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।

२. उपभोक्ता समिति मार्फत हुने सवै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन ।

३. योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र पालिकाबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।

४. कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन ।

५. उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार पालिकाले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् ।

६. पालिकाले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।

७. उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।

८. उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।

९. उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न पालिकाले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तर्सथ पालिकाले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

५०.११ **नापी किताब** - निर्माण कार्यको विस्तृत अभिलेखाकंनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकमसमेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ । पालिकाले अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिलअनुसार नापी किताब लुज सिटमा तयार गरेको पाइयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखीठेक्का बिलअनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्थाअनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज हुने हुँदा अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याउनुपर्दछ।

५०.१२ **अधुरो निर्माण कार्य** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नुपर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष देहाय योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ।

क्र.स.	योजनाको नाम	निर्माण व्यवसायी	संझौता मिति	सम्पन्न गर्नु पर्ने मिति	यो वर्ष सम्मको खर्च	भौतिक प्रगति %
१	हलहले पटेकडाँडा पर्यटकीय क्षेत्र निर्माण	दिल निर्माण सेवा प्रा.लि. भैसीपंखा-७, भोजपुर	२०७८।०५।३०	२०८२।०९।३०	५४,१५,९६९.५३	५०.००%
२	गाउँपालिका प्रशासकीय भवन निर्माण	फिदिम-०१, पाँचथर	२०७५।०९।२०	२०८२।०९।३०	३, २६ , ३४ , ८६९.६०	98%
३	चुलाचुली काजिमाने तेलिया त्रिबेणी सडक स्तरोन्नति-I	कोशी पहाडी कन्स्ट्रक्सन धनकुटा ५, कर्मीटार, धनकुटा	२०७९।०१।०२	२०८२।०९।३०	२७,४१,५६५.७१	४९.००%
४	चुलाचुली काजिमाने तेलिया त्रिबेणी सडक स्तरोन्नति-III	जिम्बा/चेम्जुङ जे.भी. फिदिम-१, पाँचथर	२०७९।०९।२५	२०८२।०९।३०	८,१३२,४९४.५१	३२.२१%
५	चुलाचुली काजिमाने तेलिया त्रिबेणी सडक स्तरोन्नति- IV	बि.जि. कोब्रा जे.भि. हेटौडा, मकवानपुर	२०८०।०९।२०	२०८२।०९।३०	१,०७,४७,१२४	७१.००%
६	त्रिशुले हात्तिखर्क सडक कालोपत्रे-I	बि.जि. कोब्रा जे.भि. हेटौडा, मकवानपुर	२०८०।०९।२६	२०८२।०९।३०	१७,६३९,५०९.७२	९१.१३%
७	ध्वजेडाँडा बहुसाँस्कृतिक पार्क निर्माण	जौबारी निर्माण सेवा चैनपुर-०३, संखुवासभा	२०८१।०७।०८	२०८२।०९।३०	९,६८,४०३.३५	४३.२६%
८	त्रिशुले हात्तिखर्क सडक कालोपत्रे-I	बिकास-प्रगतिशिल-नुमा जे.भि. मेचीनगर -10 झापा	२०८१।०७।१३	२०८२।०९।३०	१,०८,४३,९६४.१४	४७.९६%

उल्लिखित योजनाहरु मध्ये चुलाचुली काजिमाने तेलिया त्रिबेणी सडक स्तरोन्नति तथा हलहले पटेकडाँडा पर्यटकीय क्षेत्र निर्माण म्याद २०८२।९।३० सम्म मात्र रहेकोमा लेखापरीक्षण अवधि २०८२।७।१८ मा क्रमशः भौतिक प्रगति ४९ र ५० प्रतिशत मात्र भएको उल्लेख छ। यसरी म्याद थपको अवधिमा कार्य सम्पन्न हुन सक्कने अवस्था देखिदैन। यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारी पूर्वक कार्यसम्पादन गर्नुपर्दछ।

५०.१३ **एच.डि.पि. (खानेपानी पाइप) खरिद** - गाउँपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यबस्था छ ।पालिकाले निम्न गोश्वारा भौचरबाट एच.डि.पी.ई. (खानेपानी पाईप) तथा हिलट्यांक खरिद गरी जिन्सी दाखिला गरेको देखाएको छ । तर उक्त पाइप तथा हिलट्यांकको वितरण गरेको भरपाई तथा सोको उपयोग तथा जडान भएको खुल्ने नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले उक्त खरिदको उपयोग प्रति एकिन गर्न सकिएन तर्सथ उक्त एच.डि.ई.पी.(खानेपानी पाईप) तथा हिलट्यांकको वितरण गरेको भरपाई तथा सो कुन स्थान तथा चेनेजमा जडान गरिएको हो सो विवरण खुल्ने प्रमाणित मेजरमेन्ट सहितको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ।

गो.भा.न\मिति	योजना	विवरण	साइज	परिमाण	भुक्तानी रकम
९।०८१।८।२१	खानेपानी पाईप खरिद वडा नं.१	NS PN 16	20mm	३९५० मि.	१८८५८२
२७।०८१।९।२८	खानेपानी पाईप खरिद वडा नं.१	NS PN 16	20mm	४१०६ मि.	१९८५८२
जम्मा					३८७१६४

प्रमाण पेश नगरेको	३,८७,१६४

५१ **साना सिंचाई आयोजना**

साना सिंचाई आयोजना तर्फ देखिएका वेहोराहरु देहाय बमोजिम छन्

५१.१ **आनुपातिक कट्टी** - गाउँपालिकाबाट सञ्चालन भई यस आर्थिक बर्षमा सम्पन्न(५ वटा सम्पन्न र १ बांकी) गरी भुक्तानी भएका साना सिंचाई आयोजना अन्तर्गतका निम्न योजनाहरु रहेको देखिन्छ। उक्त योजनाहरुको संझौता अनुसार स्वीस सरकार, संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका र स्थानीय श्रमदान क्रमशः ३०, २०, २०, २० र १० प्रतिशत सहभागिता रहने उल्लेख रहेको देखिन्छ। यस आर्थिक बर्षमा सम्पन्न भएका योजनाहरुको विवरण माग गरी परिक्षण गर्दा उक्त संझौता बमोजिमको आनुपातिक रुपमा कट्टी गरी भुक्तानी गरेको देखिएन। यसरी संझौता भन्दा फरक हुने गरी भुक्तानी भएको रकमको हिसाब मिलान गरी आनुपातिक कट्टी गरेको प्रमाण पेश गर्नुपर्दछ।

क्र.स.	योजनाको नाम	कुल खर्च	स्वीस सरकार विकास सहयोगको योगदान (३०%)	संघीय सरकारको योगदान (२०%)	प्रदेश सरकारको योगदान (२०%)	स्थानीय सरकारको योगदान (२०%)	उपभोक्ताको योगदान (१०%)
१	ओडारे खोपटोल कुलो वडा नं. २	2283794	691738	439451	500000	422026	230579
२	वालिङ्ग कुलो सिचाई वडा नं ५	5278580	2551341	14030	1262734	1028822	421653
३	करुङ्गे मुलखत्री गाउँ सोटी कुलो सिंचाई वडा नं ३	4449584	1417136	956979	1060000	826820	188649
४	वाफेखोला पैरे कुलो वडा नं.१	5081635	1502481	1130030	1132000	1132000	185124
५	सिउडवा कुलो वडा नं ५	7734175	1811718	1850000	1820000	1820000	432457
६	फाप्रेखोला कुलो सिचाइ योजना वडा नं २	4226781	1240193	867622	853592	838579	426795
जम्मा		29054552	9214607	5258112	7439326	6068247	1885260

५१.२ **साना सिंचाई कर**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१३** को निर्णयले रू **४२५,५२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५२ **त्रिसुले हात्तिखर्क सडक कालोपत्रे(दोस्रो फेज)**

त्रिसुले हात्तिखर्क सडक कालोपत्रे(दोस्रो फेज) निर्माण कार्यको लागि रू.२,९६,६८,३९९.१७(पिए र भ्याट समेत) चेनेज (1+700 To 4+180) को लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ई-बिड मार्फत कम कबोल गर्ने निर्माण व्यवसायी बिकास- प्रगतिशिल- नुमा जे.भी, मेचीनगर, झापासंग मिति २०८१।१२।३० मा सम्पन्न गर्ने गरी रू.२,१६,७६,६५५.७१ (पिए र भ्याट समेत) मिति २०८१।०७।१३ मा संझौता भएको देखिन्छ । उक्त संझौता बमोजिम दोस्रो बिलसम्म रू.१,०८,४३,९६५.८७ भुक्तानी भई निर्माणाधिन अवस्थामा रहेको देखिन्छ। सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छनः-

५२.१ **संघीय समपुरक बाँडफाँड**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-११** को निर्णयले रू **१५,८८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५२.२ **ट्याककोट-** सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पालिकालेउपभोक्ता समितिलाई सडक कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी औसत ०.७३ प्रति लिटरका दरले भुक्तानी दिएको देखियो । पालिकाले प्रति लिटर ०.१३ बढी हुने गरी भुक्तानी दिएको परिमाणले हुने रु.८३९१९ असुल हुनुपर्दछ।

असुल गर्नुपर्ने	८३,९१९

५२.३ **प्रोग्राम अपडेट** - सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता गर्दा GCC 34.3 मा निर्माण व्यवसायीले तोकिएको समयको अन्तरालमा प्रोग्राम अपडेट उपलब्ध गराउनुपर्ने र सो नगरेमा सार्वजनिक निकायले सम्झौता बमोजिमको रकम उक्त अपडेट प्राप्त नभएसम्मका लागि रोक्का राख्नुपर्ने व्यबस्था छ । पालिकाले सञ्चालन गरेका उक्त खरिद सम्झौतामा व्यबसायीले उक्त सम्झौताको शर्त पालना गरेको देखिएन । निर्माण कार्यको अद्यावधिक अवस्था खुल्ने गरी व्यबसायीबाट प्रोग्राम अपडेट प्राप्त नभएको अवस्थामा शर्त बमोजिम रकम रोक्का राख्नुपर्दछ।

प्रमाण पेश नगरेको	१०,०००

५३ **सामाजिक सुरक्षा तर्फ**

सामाजिक सुरक्षा तर्फ देखिएका वेहोराहरु देहाय बमोजिम रहेका छन्

५३.१ **सामाजिक सुरक्षा त्रैमासिक वितरण** - सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको त्रैमासिक तथा बार्षिक प्रतिवेदन अनुसुची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्नेछ ।यस नियम बमोजिम उक्त अनुसुची अनुसार प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गरेको संख्या र रकम निम्न अवस्थामा रहेको पाइयो।

(विस्तृत विवरण बेरूजु दफा ५३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५३.२ **सामाजिक सुरक्षा विवरण** - सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली, २०७६, बिद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४, सामाजिक सुरक्षा वितरण कार्यविधि,

२०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यबस्था रहेको छ ।पालिकाबाट सामाजिक सुरक्षा कार्यक्रमको लागि यो बर्ष नेपाल सरकारबाट प्राप्त बजेट मध्ये रू.७,३९,४४,६६०.०८.खर्च देखाई आर्थिक विवरण पेश गरेको छ ।पालिकाको अघिल्लो आर्थिक बर्ष र यस आर्थिक बर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको औषत निकाली तुलनात्मक अवस्था निम्न रहेको देखिन्छ।

किस्ता	अनुमानित बजेट प्रतिवेदन	निकासा	खर्च(रिभर्स फिड)
प्रथम	१८०८००५५	१८०७६३७५	१८०७६३७५
दोस्रो	१८२४०५३९	१८२४१३२७	१८२४१३२७
तेस्रो	१८६९९९४४	१८६८७४१२	१८६८७४१२
चौथो	१९०५८१८५	१९०४२७४७	१९०४२७४७
जम्मा	७४०७८७२३	७४०४७८६१	७४०४७८६१

५३.३ **तुलनात्मक विवरण-** पालिकाको अघिल्लो आर्थिक बर्ष र यस आर्थिक बर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको औषत निकाली तुलनात्मक अवस्था निम्न रहेको देखिन्छ । उक्त विवरणको तुलनात्मक अध्यन्न गरी सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण वास्तविक अध्यावधिक गर्ने तर्फ ध्यान दिनुपर्दछ।

लक्षित समुह	आ.ब. २०८०।८१ को चार त्रैमासिकको औसत सँख्या	आ.ब. २०८१।८२ को चार त्रैमासिकको औसत सँख्या	भत्ता दर
अन्य जेष्ठ नागरिक भत्ता	११०१	११४८	४०००
जेष्ठ नागरिक (दलित)	४७	५५	२६६०
जेष्ठ नागरिक (एकल महिला)	१५८	१६०	२६६०
विधवा	२६०	२९०	२६६०
पुर्ण अपाङ्गता	४३	४४	३९९०
अति अशत्त अपाङ्गता	९५	९६	२१२८
दलित बालबालिका	८७	८०	५३२
जम्मा	१७९१	१८७३	

५३.४ **बैंकबाट फिर्ता**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१३** को निर्णयले रू **२९,४६६.६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५३.५ **नागरिकता नम्बर एकै भएका लाभग्राही-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने सम्बन्धि व्यबस्था रहेको छ ।नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ ।यस पालिका अन्तर्गतका ६ वटा वडा मध्ये १ र २ वडाको प्रथम त्रैमासिकको नमुना परीक्षणको रुपमा सामाजिक सुरक्षा पाउने लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता परिचयपत्र नम्बर दोहोरो परेको देखिन्छ ।यस पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरी एकिन गर्ने र लगत कट्टा गर्नुपर्ने भए गरी यात् दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम आइ एस प्रणालीमा अध्यावधिक गर्नुपर्ने देखिन्छ।

Frist Installment					
s.no.	Ward no.	Member Name	Citizenship no.	Personal Id no.	Payment Amt.
1.	1	DEVIMAYA LIMBU	216	982187220	12000
2.	1	MAN MAYA TAMANG	216	9842423019	12000
3.	1	HARKA DEVI GOTAME	35	9842476315	12000
4.	1	SHREEMATI CHINI MAYA KARKI	35	9842440292	12000
5.	1	Tilak Bahadur Bishwakarma	614	982187220	12000
6.	1	Kamala Devi Karki	614	9842476315	7980
7.	1	SHRIJA MAYA LIMBU	78	9852050727	7980
8.	1	AASH MAYA LIMBU	78	9825091047	7980
9.	2	Chol Bahadur Damai	137	१९९५१२३०४५६४३	12000
10.	2	Dil Kumari Darji	137	२००५१२३०२०७७५	12000
11.	2	Tika Prasad Poudel	151	२०००१०१५०५८९७	12000
12.	2	KUMARI DARJI	151	२०३५०३१६०००५३	7980
13.	2	CHANDRA MAYA ALE	56	२००५०९०६०२३२४	12000
14.	2	DEVI MAYA POUDEL	56	२०१०१०२६०१४८९	12000
15.	2	KRISHINA BAHADUR PITHAKOTE	6122	२००८०२१८०१८७४	12000
16.	2	Kul Bahadur Pithakote Magar	6122	२००००२१८०१८७४	12000
17.	2	GANGA MAYA ALE	77	२००८०५२७००७७१	12000
18.	2	Tanka Maya Bhujel	77	२००१०९०६००१७८	12000
19.	2	Chol Bahadur Damai	137	१९९५१२३०४५६४३	12000

५३.६ **परदर्शिता र जवाफदेहिता** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन।

५३.७ **अनुगमन** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।

५३.८

बैंक रुजु तथा परीक्षण - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैँकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैँकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सँघीय सँचित कोषमा दाखिला गर्नुपर्ने छ भनी उल्लेख गरेको छ ।यस पालिकाले ६ वडाको २ वटा बैँक(लक्ष्मी सनराईज बैंक शाखा कार्यालय, छथरजोरपाटी र नबिल बैंक शाखा कार्यालय, छथर जोरपाटी गाउँपालिका) मार्फत सामाजिक सुरक्षा भत्ता बितरण गर्ने सम्बन्धित बैँकबाट एक आर्थिक बर्षसम्म वा सो भन्दा बढी समयमा एक पटक पनि रकम नझिकेका लाभग्राहीहरुको विवरण माग गर्दा बैंकबाट उक्त विवरण प्राप्त हुन नसकेकोले त्यस्ता लाभग्राहीहरुको एकिन गर्न सकिएन।

५३.९ **सार्वजनिक सुनुवाई** - स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।

५३.१० **हिसाब भिडान**- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा बैंकले तोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस पालिकाले अद्यावधिक रिभर्स फिड माग गरि आएको तर निकासा भिडान गरी हिसाब फरफारक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले अद्यावधिक विवरण माग गरी हिसाब फरफारक गर्नु पर्दछ।

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	बैंकबाट फिर्ता (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** रू **२,५३३.३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।) (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** रू **६,२६६.६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।) (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** रू **१८,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)	०
२	साना सिंचाई कर - प्रदेश आर्थिक ऐन, २०८० को दफा ७ मा प्राकृतिक स्रोत संकलन तथा विक्रि सम्बन्धी व्यवस्था रहेको र अनुसूची ५ मा ढुङ्गा,गिट्टी, बालुवा माटो चट्टान दहत्तर बहत्तर लगायतको दर निर्धारण गरिएको छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका साना सिंचाई आयोजनाको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा दर विश्लेषणमा ढुङ्गा, गिट्टी र बालुवाको स्थानीय दररेट बमोजिम लागत अनुमान तयार गरेको छ । तर पालिकाले ढुङ्गा, गिट्टी र बालुवामा प्रति ट्र्याक्टर रु.७००.०० राजश्व प्राप्त गर्नुपर्ने निर्माण सामाग्रीमा पालिकाको आर्थिक ऐन, २०८१।८२ को अनुसूची ७(४२) मा भएको व्यवस्था बमोजिम कर असुल नगरी सामाग्री लिने दिनेले गरेको भरपाईलाई प्रमाणित विल भरपाई स्वीकार गरेको छ । यसबाट पालिकालाई प्राप्त हुनुपर्ने राजश्व सम्बन्धितबाट असुल नभएको वा स्थानीय स्तरमा वेवास्ता हुँदा पालिकाको राजश्व गुमेको छ ।यस सम्बन्धमा पालिकासंग छलफल गर्दा माघ भन्दा पछाडीका योजनाहरुमा मिति २०८१ पौष २८ गते बसेको दोस्रो गाउँसभाको छैठौ अधिवेशनले उल्लेखित खोला बाहेक अन्य क्षेत्रबाट खरिद बिक्रि हुने ढुंगा, गिट्टी तथा बालुवाको हकमा कुनै पनि सेवा, शुल्क, दस्तुर नलाग्ने भनी कानुन संशोधन गरेको निर्णय लेखापरीक्षणको क्रममा देखाएको छ र आ.ब. २०८२।८३ को गाउँपालिकाको आर्थिक ऐनमा समेत सो बिषय राखेको देखिएन। अतः छुट भएको राजश्व रकम सम्बन्धितबाट असुल गर्नुपर्ने तथा आगामी दिनमा दर विश्लेषण गर्दा पालिकाको विद्यमान कर दर बमोजिम राजश्व छुट नहुने गरी लागत अनुमान तयार गर्नुपर्ने वा भुक्तानी कागजात साथ कर कट्टी भएको प्रमाण संलग्न गर्नुपर्ने देखिन्छ ।	४,२५,५२७

क्र.सं.	बेरुजुको विवरण	रकम

गोभौ नं र मिति	उपभोक्ता समितिको नाम	कुल खर्च रकम	प्रयोग भएको सामाग्री	परिमाण (घ.मि)	कर दर (ट्याक्टरलाई प्रति घ.मि मा परिणत)	कर छुट	कुलजम्मा
४७,१०,२,९०,२१२,२३	सिउडवा कुलो सिंचाई योजना वडा ५	९०५८५९३.७१	ढुङ्गा	३३४	२८०	९३५२०	१८०६६२
			बालुवा	१५१	२३३	३५१८३	
			गिट्टी	२२३	२३३	५१९५९	
४६,३०,६,२०८	करुन्जे मुल खत्रीगाँउ सोटी कुलो सिंचाई योजना वडा ३	४७८४८९९.२५	ढुङ्गा	१२०	२८०	३३६००	७८१०३
			बालुवा	६७	२३३	१५६११	
			गिट्टी	१२४	२३३	२८८९२	
३३,२०,१९,१७,१३९,४	बालाडी कुलो सिंचाई जल उपभोक्ता समिति वडा ५	४२१६५३०.०३	ढुङ्गा	११८	२८०	३३०४०	७१७१८
			बालुवा	६२	२३३	१४४४६	
			गिट्टी	१०४	२३३	२४२३२	
५,१७४,३९	ओडारे खोपटोल कुलो सिंचाई योजना उ.स. वडा २	२३०५७९३.११	ढुङ्गा	१३.५	२८०	३७८०	१३६८२
			बालुवा	१४.५	२३३	३३७८	
			गिट्टी	२८	२३३	६५२४	
४०,१७९,३	फाप्रेखोला कुलो सिंचाई योजना उ.स. वडा २	४२६७९५७.७८	ढुङ्गा	९२.५	२८०	२५९००	५७१२२
			बालुवा	५७	२३३	१३२८१	
			गिट्टी	७७	२३३	१७९४१	
२१३,७२,३१,४४	वाफेखोला पैरे कुलो सिंचाई उ.स. वडा १	५४६१६२६.५२	ढुङ्गा	४५	२८०	१२६००	२४२४०
			बालुवा	१७.५२	२३३	४०८२	
			गिट्टी	३२.४४	२३३	७५५८	
जम्मा							४२५५२७

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>३</td><td>संघीय समपुरक बाँडफाँड
(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८२-१२-२१ रु ७३४,१६९.५ सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)</td><td>०</td></tr>
<tr><td>४</td><td>प्रदेश समपुरक बाँडफाँड- कोशी प्रदेशको प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नं. ४(२) मा प्रदेश सरकारले आयोजनाको प्रकृति, प्राथमिकता, दिगोपना र सम्भाव्य उपलब्धीको आधारमा कूल लागतको बढीमा ६५ प्रतिशत अंश व्यहोर्ने गरी समपुरक अनुदान प्रदान गर्ने उल्लेख छ। सो अनुसार आयोजनामा खर्च भएको रकममध्ये बढीमा ६५ प्रतिशतसम्म प्रदेश सरकारबाट र बाँकी पालिकाबाट खर्च लेख्नुपर्ने देखिन्छ। पाथिभरा-त्रिवेणी सडक स्तरोन्नती कार्य वडा ३ र ४ को लागि गोल्डमाइन कन्स्ट्रक्सन एण्ड सप्लायर्स, धनकुटासंग रू. ७१,२१,५५२.२८(मु.अ.कर र पिएस समेत) मा मिति २०८२।३।१५ मा सम्पन्न गर्ने गरी मिति २०८२।१।४ मा सम्झौता भएको देखिन्छ। उक्त संझौता बमोजिम रू.७०,३७,२७९.०० कार्यसम्पन्न गरी खर्च लेखेको छ। उक्त खर्चको प्रदेश र गाउँपालिकाको आनुपतिक रुपमा कट्टी गरी भुक्तानी गर्नुपर्नेमा सो अनुसार नभई प्रदेश सरकारको तर्फबाट कम हुने गरी भुक्तानी गरेको देखिन्छ। अतः आनुपातिक रुपमा कट्टी नगरी पालिकाको तर्फबाट बढी भुक्तानी भएको रकम पालिकालाई थप आर्थिक व्ययभार परेको देखिन्छ।
<table>
<tr><td>भुक्तानी स्थिति</td><td>प्रदेश</td><td>पालिका</td></tr>
<tr><td>भुक्तानी भएको</td><td>४२,५२,८०९</td><td>२७,८४,४७०</td></tr>
<tr><td>भुक्तानी हुनुपर्ने</td><td>४५,७४,२३१</td><td>२४,६३,०४७</td></tr>
<tr><td>फरक</td><td>३२१४२२</td><td>३२१४२२</td></tr>
</table></td><td>०</td></tr>
</table>

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : छथर जोरपाटी गाउँपालिका, धनकुटा , छथर जोरपाटी गाउँपालिका , धनकुटा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	किरण कुमार के.सी	२०८१-०६-०७	२०८१-१०-२०
कार्यालय प्रमुख	महेन्द्र बहादुर घिमिरे	२०८१-११-५	२०८२-११-२६
कार्यालय प्रमुख	प्रविन हाङ योङहाङ	२०८२-१२-२५	हाल सम्म कार्यरत
लेखा प्रमुख	मात्रिका धिताल	२०८१-२-२६	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
५०६,५४२	११,८८१,४६८	१०,७१६,३४०.७३	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२३,१०४,३५०.७३
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	९,८९३,८७२.२४
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	१,१८६,८९६.५१
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१४,३९७,३७५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५४२४६७८१.२५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२८९१८७१६८	चालु खर्च	२६०८२४२७६.४५
प्रदेश सरकारबाट अनुदान	२७२५३०००	पूँजीगत खर्च	११११९९४००
राजश्व बाँडफाँट	७३३९४१६३.२५	वित्तीय/अन्य व्यवस्था	११२०३६१८९.६५
आन्तरिक आय	७६८१४६२.३		
अन्य आय	९२६८५७४१.१		
कुल आय	४९०२०१५३४.६५	कुल खर्च	४८४०५९८६६.१०
बाँकी मौज्दात		६०३८८४४९.८	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		७,५९,५२,६२६.५३	०.००	७,५९,५२,६२६.५३	६,७०,७०,३२६.०५	०.००	६,७०,७०,३२६.०५
१३०००	अनुदान		२९,५९,४२,८६६.५०	०.००	२९,५९,४२,८६६.५०	३०,४३,८५,८५७.१३	०.००	३०,४३,८५,८५७.१३
१४०००	अन्य राजस्व		४९,५८,८२७.३४	०.००	४९,५८,८२७.३४	७३,०२,४९५.२२	०.००	७३,०२,४९५.२२
१५०००	विविध प्राप्ति		१,६४,१७१.६८	०.००	१,६४,१७१.६८	०.००	०.००	०.००
क	कुल जम्मा प्राप्ति		३७,७०,१८,४९२.०५		३७,७०,१८,४९२.०५	३७,८७,५८,६७८.४०		३७,८७,५८,६७८.४०
३	चालु		२६,०८,२४,२७६.४५	०.००	२६,०८,२४,२७६.४५	२६,२६,११,९१७.०८	०.००	२६,२६,११,९१७.०८
२१०००	पारिश्रमिक / सुविधा		१५,४८,६३,१२२.६०	०.००	१५,४८,६३,१२२.६०	१७,२८,१८,६४१.७८	०.००	१७,२८,१८,६४१.७८
२२०००	मालसामान तथा सेवाको उपयोग		७,६७,९४,२७६.८५	०.००	७,६७,९४,२७६.८५	६,६७,५३,१२७.३०	०.००	६,६७,५३,१२७.३०
२५०००	सहायता (Subsidy)		२,५६,३०,१०७.००	०.००	२,५६,३०,१०७.००	१,८१,९८,७०८.००	०.००	१,८१,९८,७०८.००
२७०००	सामाजिक सुरक्षा		२४,६९,२४७.००	०.००	२४,६९,२४७.००	३४,८८,९९०.००	०.००	३४,८८,९९०.००
२८०००	अन्य खर्च		१०,६७,५२३.००	०.००	१०,६७,५२३.००	१३,५२,४५०.००	०.००	१३,५२,४५०.००
४	पूंजीगत		११,११,९९,४००.००	०.००	११,११,९९,४००.००	९,९१,३०,४४५.००	०.००	९,९१,३०,४४५.००
३१११०	भवन तथा संरचना		१,४३,१६,६९३.००	०.००	१,४३,१६,६९३.००	१,७९,५५,१७६.००	०.००	१,७९,५५,१७६.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		३१,५४,८७९.००	०.००	३१,५४,८७९.००	९,५४,३८२.००	०.००	९,५४,३८२.००
३११३०	अन्य पूँजीगत खर्च		२,७३,०१६.००	०.००	२,७३,०१६.००	०.००	०.००	०.००
३११५०	सार्वजनिक निर्माण		९,३४,५४,८१२.००	०.००	९,३४,५४,८१२.००	८,०२,२०,८८७.००	०.००	८,०२,२०,८८७.००
५	वित्तीय		०.००	०.००	०.००	०.००	०.००	०.००
ख)	कुल जम्मा भुक्तानी		३७,२०,२३,६७६.४५		३७,२०,२३,६७६.४५	३६,१७,४२,३६२.०८		३६,१७,४२,३६२.०८
ग)	बचत /कमी (ग = क-ख)		४९,९४,८१५.६०		४९,९४,८१५.६०	१,७०,१६,३१६.३२		१,७०,१६,३१६.३२
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		४,३१,९११.८६		४,३१,९११.८६	४२,४४,८१९.२२		४२,४४,८१९.२२
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		४७,८७८.००		४७,८७८.००			

ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		५४,२६,७२७.४६		५४,२६,७२७.४६	२,१२,६१,१३५.५४		२,१२,६१,१३५.५४
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		५,४८,८८,३९३.३४		५,४८,८८,३९३.३४	३,३६,२७,२५७.८०		३,३६,२७,२५७.८०
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		६,०३,१५,१२०.८०		६,०३,१५,१२०.८०	५,४८,८८,३९३.३४		५,४८,८८,३९३.३४

बेरूजु दफा ४३ सँग सम्बन्धित विवरण - अनुसूची -४

(क) कृषि अनुदान तर्फ

वडा नम्बर	अनुदान दिएको संस्थाको नाम	अनुदान विषय	सम्झौता रकम रु पालिकाको ७५ र कृषकको २५ प्रतिशत	अनुदान भुक्तानी			अनुदानको उपयोगको अवस्था
				२५ प्रतिशत कृषकको लगानी	७५ प्रतिशत पालिकाको लगानी	जम्मा भुक्तानी रु	
१	उज्वल कृषक समुह	कृषि पकेट	२४००००	६००००	१८००००	१७९६६२	कृषि सामाग्री विउ वितरण
१	माक्लुङ तरकारी कृषक समुह	सुन्तला पकेट	२४००००	६००००	१८००००	१७९८१२	कृषि सामाग्री विउ वितरण
२	सिद्धदेवि कृषक समुह	तरकारी पकेट	२३९५५०	५९८८८	१७९६६२	१८०९००	कफि विरुवा कृषि सामाग्री
२	सयपत्रि कृषक समुह	तरकारी पकेट	२४०८३९	५९९३९	१७९८१२	२०००००	मटर विउ वितरण
३	तारापाते टोल विकास संस्था	कफि पकेट	२४१२००	६०३००	१८०९००	१७९८५०	टमाटर विउ कृषि सामाग्री
३	डाडा गाउ टोल विकास संस्था	मटर पकेट	२६००००	६००००	२०००००	१७८१९६	बदाम विउ कृषि सामाग्री
४	समुह बहुउद्धश्यि सहकारी संस्था	टमाटर पकेट	२३९८००	५९९५०	१७९८५०	१८१०१३	तरकारी विउ कृषि सामाग्री
४	पाथिभारा बदाम उत्पादक कृषक समुह	बदाम पकेट	२३७५९४	५९३९८	१७८१९६	१८००००	तरकारी विउ कृषि सामाग्री
५	साझा कृषक समुह	तरकारी पकेट	२४१३५०	६०३३८	१८१०१३	१८२६२६	तरकारी विउ कृषि सामाग्री
५	छावाखोला सिद्धदेवि कृषक समुह	तरकारी पकेट	२४००००	६००००	१८००००	१८००००	तरकारी विउ कृषि सामाग्री
६	विवेकशिल तरकारी कृषक समुह	तरकारी पकेट	२४३५००	६०८७५	१८२६२६	२१८२०५९	

(ख) पशु अनुदान तर्फ

क. सं.	कार्यक्रमको नाम	कार्यक्रममा सहभागि फर्महरू	लाभग्राही संख्या	२५ % कृषक सहभागीता रु.	७५ % पालिका अनुदान रु.
१	**भकारो सुधार कार्यक्रम**	श्री देवीथान पशुपालन कृषक समुह वडा नं, २	५	२५०००	७५०००
२		श्री जालपादेवी बहुउद्देश्य कृषक समुह वडा नं १	८	४००००	१२००००
३		श्री मिना ऐग्रो फर्म वडा नं २	१	५०००	१५०००
४		श्री राधा गाई कृषि फर्म वडा नं ६	१	५०००	१५०००
५		श्री जनजागरण एकता कृषक समुह वडा नं १	३	१५०००	४५०००
६		श्री बोक्रे बहुउद्देश्य गाई ऐग्रो फार्म वडा नं ५	१	५०००	१५०००
७		श्री प्रगति ताजा तरकारी उत्पादक कृषक समुह वडा नं ५	३	१५०००	४५०००
८		श्री उज्वल कृषक समुह वडा नं १	४	२००००	६००००
९		श्री दिगो अर्गानिक कृषि सहकारी सस्था लि. वडा नं २	५	२५०००	७५०००
१०		श्री लालि गुराँस कृषि सहकारी सस्था लि. वडा नं २	५	२५०००	७५०००
११		श्री आधुनीक कृषक समुह वडा नं २	२	१००००	३००००
१२		श्री सुर्योदय तरकारी कृषक समुह वडा नं ६	४	२००००	६००००
१३		श्री बैदार टोल टोल विकाश संस्था वडा नं ३	१५	५७०००	२२५०००
१४		श्री पाथिभरा बदम उत्पादक कृषक समुह वडा नं ४	१३	६५०००	१९५०००
१५		श्री लाली गुराँस दुग्ध उत्पादक सहकारी सं लि वडा नं ६	६	१२००००	९००००
१६		श्री मिश्रीत फलफुल कृषक समुह वडा नं ५	५	२५०००	७५०००
१७		श्री पुतलिटार कृषि तथा पशुपालन फार्म वडा नं ५	१	५०००	१५०००
१८		श्री मैया कृषि तथा पशुपन्छी फार्म वडा नं ६	१	५०००	१५०००
१९		श्री प्रगतिशिल कृषक समुह वडा नं ५	५	२५०००	७५०००
२०		श्री बि एम सि ऐग्रो फर्म वडा नं ६	१	५०००	१५०००
२१		श्री छावा खोला सिद्धदेवी कृषि तथा पशुपालन फार्म ५	१	५०००	१५०००
२२	**एक दुहुनो गाई कार्यक्रम**	चन्द्रमाया गुरूङ छथरजोरपाटी-२	१ थान दुहुनो गाई	२००००	६००००
२३		बुधरानी लिम्ब छथरजोरपाटी-२	१ थान दुहुनो गाई	२००००	६००००
२४		बिभूषण कार्की छथरजोरपाटी- ५	१ थान दुहुनो गाई	२००००	६००००
२५		खोज कुमारी नेवार छथरजोरपाटी-६	१ थान दुहुनो गाई	२००००	६००००
२६	**नयाँ पोखरी निर्माण कार्यक्रम**	नुनाम कृषि तथा पशुपालन फार्म छथरजोरपाटी-१, हात्तिखर्क	३ रोपनी	२००००	६००००
२७	**सहकारी संस्थाहरुलाई कम्प्युटर वितरण**	धारापानी कृषि सहकारी संस्था लि. वडा नं. २	१ थान	५५८७५	१८६२५
२८		लालि गुरास कृषि सहकारी सस्था लि. वडा नं. २	१ थान	५५८७५	१८६२५

२९		दिगो अर्गानिक कृषि सहकारी संस्था लि. वडा नं. २	१ थान	५५८७५	१८६२५	
३०		सिर्जनशील कृषि सहकारी संस्था लि. वडा नं. ६	१ थान	५५८७५	१८६२५	
३१		देवीथुम्का दुग्ध उत्पादक सहकारी सं. लि. वडा नं. ३	१ थान	५५८७५	१८६२५	
		कुल जम्मा		**९०१३७५**	**१७४३१२५**	

बेरूजु दफा ४७.२ सँग सम्बन्धित विवरण - अनुसूची -५

क्र.सं.	योजनाको विवरण	ठेक्का नं.	बोलपत्रदाता	लागत अनुमान रु.	सम्झौता रकम रु.	घटी प्रतिशत
१	ध्वजे डाँडा बहुसाँस्कृतिक पार्क निर्माण	(01/CJRMUN/NCB/081/82)	जौबारी निर्माण सेवा खादबारी नगरपालिका, संखुवासभा	२,९४७,५९.१७	२,२१२,५८१.३८	२५.११
२	Asphalt Concrete Work Along Trisule Hattikharka Road II	(02/CJRMUN/NCB/081/82)	विकास-प्रगतिशिल-नुमा जे.भि. मेचिनगर-१०, झापा ।	३,०१,२९,३५६.१९	२,१६,७६,६५५.८३	२८.०६
३	सिंधुवा चपरिचोक यज्ञडाडा सडक सतरोन्नति वडा नं ५ र ६	(03/CJRMUN/081/082)	श्री टि. एण्ट टि. बन्धु कन्स्ट्रक्सन प्रा.लि.महालक्ष्मी न.पा. -०८, धनकुटा	७,५३९,९३२.७२	५,१८५,६८५.२८	३१.६०
४	फलैचा सल्ले मुर्तिढुङ्गा सडक मर्मत	(04/CJRMUN/NCB/081/82)	छथर निर्माण सेवा जोरपाटी-०२, धनकुटा	२,८०१,६२१.२५	२,०२६,१७९.५७	२७.८८
५	सिभुवा पाथिभरा त्रिवेणी सडक स्तरोन्नति वडा नं ३ र ४	(05/CJRMUN/NCB/081/82)	गोल्डमाइन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., धनकुटा न.पा.-६, बिच बजार धनकुटा	७,४४५,२३५.३०	७१,२२,३२५.२३	०.९७
६	वडा नं. ३ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र	06/CJRMUN/NCB/081/82)	छथर निर्माण सेवा जोरपाटी-०२, धनकुटा	३,५५०,८४९.४७	२,७००,०४३.४७	२४.३९
७	CONSTRUCTION OF GUARD HOUSE AND COMPOUND WALL OF INDUSTRIAL GRAM	(05/CJRMUN/SQ/2081/2082)	शाही कन्स्ट्रक्सन हिले-१, धनकुटा।	१,९८४,३८४.५५	१५,९४,२४१.२९	१९.६६

बेरूजु दफा ५३.१ सँग सम्बन्धित विवरण - अनुसूची -६

लाभग्राही समुह	पहिलो त्रैमासिक		दोस्रो त्रैमासिक		तेस्रो त्रैमासिक		चौथो त्रैमासिक	
	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम
अन्य जेष्ठ नागरिक भत्ता	१०८०	१२८७२८९८	१०९४	१२९९५४३७	११५५	१३४५०४७४	११५३	१३७३८४१२
जेष्ठ नागरिक भत्ता (दलित)	५६	४३७०९८	५६	४४१५६०	५५	४३३५८०	५४	४३०९२०
जेष्ठ नागरिक एकल महिला	१७६	१४०४४८०	१७४	१३८०५४०	१५७	१२३९५६०	१५६	१२३६९००
विधवा	२६८	२११२९८४	२७८	२१५९९२०	२९०	२२९०२६०	२९६	२३४६१२०
पूर्ण अपाङ्गता भत्ता	४२	५०२७४०	४४	५१८७००	४४	५२६६८०	४३	५१४७१०
अति अशक्त अपाङ्गता भत्ता	९७	६१७१२०	९८	६२१३७६	९८	६२५६३२	९८	६२५६३२
दलित बालबालिका	८४	१२९०५५	७९	१२३७९४	८१	१२१२२६	८१	१२३३२८
जम्मा	१८०३	१८०७६३७५	१८२३	१८२४१३२७	१८८०	१८६८७४१२	१८८१	१९०१६०२२

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसारमात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चितगर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार
- शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्योट गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।